मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७ ६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३३८ ★ ने. सं. ११४६ पोहेला थ्व, षष्ठी ★ शुक्रबार ★ ११ पुस, २०८२ ★ December 26, 2025, Friday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## "कम्युनिस्ट कार्यकर्ताहरू सङ्कटको घडीमा पनि विचलित हुनुहुन्न"



भक्तपुर, १० पुस । नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा बिहीबार अन्तरसंवाद एवम् प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा अध्यक्ष रोहितले भन्नुभयो, "प्रजग कोरियामा निजी सम्पत्ति कसैको छैन । सबै जनतालाई राज्यले हेरविचार गर्छ । जनता राज्यप्रति उत्तरदायी छन् । जनताको भरमा प्रजग कोरिया आफ्नै खुट्टामा उभिएको छ । सबै जनता सैनिकरूपले तयार छन् । साम्राज्यवादीहरूको धम्कीसामु उनीहरू फिटिक्कै झुक्दैनन् । उनीहरू देशलाई बलियो बनाउन प्रतिबद्ध छन् । नेपाली जनताले पनि प्रजग कोरियाबाट प्रेरणा लिनुपर्छ ।"

"शासक दलहरूले अमेरिकी नीति कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता पारित गरे । त्यसको परिणाम अहिले देखिँदै छ । नेपाली जनताले पनि विदेशीको सामु घुँडा टेक्ने राजनीतिक दलहरूलाई मत दिनुहुन्न । त्यस्ता दलहरूलाई दिएको मतले देश जान सक्छ; पछि पछुताएर हुन्न" उहाँले थप्नुभयो ।

नेपाल मजदुर किसान पार्टी पैसा र पदको मोलमोलाइमा कहिल्यै नलागेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले देश र जनताको हितबाहेक पार्टीको अरू कुनै स्वार्थ नरहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुयो, "कम्युनिस्ट कार्यकर्ताहरू देश र जनताको पक्षमा प्रतिबद्ध भएर समाज परिवर्तनको निम्ति लाग्नुपर्छ । विलासी जीवनमा नभुली क्रान्तिको निम्ति दुःखकष्ट सहन पनि तयार हुनुपर्छ । मनमा लोभ पाल्नुहुन्न । जस्तोसुकै सङ्कटको घडीमा पनि विचलित हुनुहुन्न । अनुशासनमा बस्नुपर्छ । खराब लतमा लाग्नुहुन्न ।"

बम बारूदभन्दा विचार ठुलो हुनेमा स्पष्ट हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले हातहतियार थुप्रो भएको कुनै देशले धम्काउँदैमा सार्वभौम सम्पन्न देशका जनता डराउनु जरुरी नभएको विचार राख्नुभयो ।

उहाँले सांस्कृतिकस्तर उच्च रहेका देशभक्त जनता कुनै साम्राज्यवादीसामु झुक्ने छैनन् भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "संसदीय व्यवस्थामा बहुमत हुनेले सरकार बनाउने हो, बहुमत नहुने राजनीतिक दल प्रतिपक्षमा बस्ने हो । शासक दलहरूले यो सिद्धान्तको पालना गरेनन् । नेपाल मजदुर किसान पार्टीले संसद्मा प्रखर प्रतिपक्षीको भूमिकामा रहेर आफ्ना कर्तव्य पूरा गरेको छ । नेपाली काङ्ग्रेस पुँजीवादी पार्टी हो, उसले पुँजीपतिहरूको पक्षमा काम गर्नु स्वाभाविक हो । कम्युनिस्ट नामधारी एमाले पनि भाइकाङ्ग्रेस बन्यो । कम्युनिस्ट कार्यकर्ताहरूले यस्ता संशोधनवादी पार्टीहरूको आलोचना गरेर जनतालाई सत्य बताउनुपर्छ ।"

बाँकी पृष्ठ ८ मा

## शिक्षक–कर्मचारीले इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्ने



भक्तपुर, १० पुस । भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालन समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप कलेज अफ इन्जिनियरिङमा नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई एक समारोहबिच बिहीबार नियुक्तिपत्र हस्तान्तरण गर्नुभएको छ ।

नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई कलेज परिवारमा स्वागत गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू देशकै उदाहरणीय शैक्षिक संस्थाका रूपमा विकास हुँदै गएको बताउनुभयो ।

कलेज स्थापनाकालमा विभिन्न सङ्घर्षहरू गर्नुपरे पनि शिक्षक,

बाँकी पृष्ठ ८ मा

## हार्दिक बधाई



यस ख्वप कलेज अफ इन्जिनियरिङ सिभिल इन्जिनियरिङ शैक्षिक कार्यक्रमको २०७६ समूहका विद्यार्थी **ई. गौरव भुसाल** (076BCE035) ले वि.सं. २०८० सालको सिभिल इन्जिनियरिङ विषयको स्नातक तह (बी.ई. सिभिल) मा ८६.०५ प्रतिशत प्राप्ताङ्कसहित सर्वप्रथम भई त्रिभुवन विश्वविद्यालयको ५१ औँ दीक्षान्त समारोहमा **शिवराज पन्त स्मृति पुरस्कार**बाट पुरस्कृत हुनुभएकोमा हार्दिक बधाईका साथ उन्नति र प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित
**ख्वप कलेज अफ इन्जिनियरिङ**
त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
लिबाली, भक्तपुर-८, फोन नं. ५१२२०९४, ५१२२०९८
Email: info@khwopa.edu.np|Website: www.khwopa.edu.np

## कैलालीमा महिला प्रशिक्षण कार्यक्रम

कैलाली, १० पुस । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा बिहीबार प्रशिक्षण कार्यक्रम लम्किचुहा न.पा.५ तिलकपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा सुदूरपश्चिम प्रदेश सदस्य तथा कैलाली सचिव गगनबहादुर थापा मगरले स्तालिन र माओ त्सेतुङ विश्व सर्वहारावर्गका महान् गुरु भएकाले उहाँहरूको जन्म दिवस संसारका कम्युनिस्टहरूले मनाउने गरेको बताउनुभयो ।

बाँकी पृष्ठ ८ मा

इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।

इन्फ्लुएन्जा (फ्लू) बाट बच्न:
❖नियमित रुपमा साबुन पानीले हात धुने गरौं।
❖खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
❖जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
❖भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं।
❖फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं।
❖सफा, ताजा र पोषिलो खाना खाऔं।
❖बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



भक्तपुर नगरपालिका वडा नं. २ खौमास्थित इन्द्रायणी द्योछेँ पुनर्निर्माणको छाना छाउने कार्यक्रममा श्रमदान गर्नुहुँदै स्थानीयहरू ।

*तस्बिर: मजदुर दैनिक*

# वडा नं. ७ मा पाठेघरको क्यान्सर तथा स्तन परीक्षणसम्बन्धी शिविर

भक्तपुर, १० पुस । भक्तपुर नगरपालिका ७ नं. वडा कार्यालयको आयोजना र ख्वप अस्पतालको प्राविधिक सहयोगमा पाठेघरको मुखको क्यान्सर तथा स्तन परीक्षणसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भनपाद्वारा सञ्चालित ख्वप अस्पतालले नवीनतम सेवा-सुविधा उपलब्ध गराई धेरैभन्दा धेरै बिरामीहरूको स्वास्थ्य उपलब्ध गराइरहेको उल्लेख गर्नुभयो ।

भनपाले भक्तपुरको मौलिक तथा स्थानीय प्रविधि, सीप र स्थानीय निर्माण सामग्री प्रयोग गरी पुर्खाले सिर्जेको कला-संस्कृतिलाई जगेर्ना गरिरहेको छ, उहाँले भन्नुभयो ।

नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार भक्तपुरका जनप्रतिनिधिहरूले नि:स्वार्थरूपमा जनताको सेवा गरिरहेको छ भन्दै उपप्रमुख जोशीले जनतालाई दिएको प्रतिबद्धताअनुसार नगरपालिकाले विभिन्न गतिविधिहरू गर्दै आएको जानकारी दिनुभयो ।

७ नं वडाका वडाध्यक्ष उकेश कवांले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी नगरपालिकाले घरैदेलो नर्सिङ सेवा उपलब्ध गराइरहेको र नियमित स्वास्थ्य शिविर राखी नगरवासीलाई स्वास्थ्य सेवा दिँदै आएको बताउनुभयो ।

वडा र नगरपालिकाले गर्दै आएको गतिविधि र क्रियाकलापबारे जानकारी दिँदै उहाँले नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलाई विशेष जोड दिई कार्य गरिरहेको छ भन्नुभयो ।

कार्यक्रममा वडा सदस्य रञ्जना त्वातीले पनि बोल्नुभएको थियो । शिविरमा १५० भन्दा बढीले स्वास्थ्य परीक्षण गराएका थिए ।

# नेपाली र सामाजिक विषयको उत्प्रेरणात्मक कार्यक्रम

भक्तपुर, १० पुस । 'प्राज्ञिक उत्कृष्टताको लागि एकता' भन्ने उद्घोषका साथ संस्थागत विद्यालय सङ्घ (इसान) ले एसईई २०८२ मा सम्मिलित हुने विद्यार्थीहरूको लागि बिहीबार नेपाली र सामाजिक शिक्षा विषयक उत्प्रेरणात्मक कार्यक्रमको आयोजना गऱ्यो ।

इसानअन्तर्गत विद्यालयका १० कक्षामा पढ्ने विद्यार्थी र सम्बन्धित शिक्षकको उपस्थितिमा तालिम समितिद्वारा आयोजित उक्त कार्यक्रममा नेपाली प्रशिक्षकहरू अर्जुन अधिकारी र दीपक शर्माले प्रशिक्षण दिनुभयो ।

१८ विद्यालयका ३७० जना विद्यार्थी सहभागी भएको सो उत्प्रेरणात्मक कार्यक्रममा नेपाली प्रशिक्षकद्वय अधिकारी र शर्माले असल विद्यार्थीमा हुनुपर्ने गुण, परीक्षामा विद्यार्थीले ध्यान दिनुपर्ने पक्ष, प्रश्नको उत्तर लेख्ने विधि, पाठ केको लागि पढ्ने आदि विषयमा प्रशिक्षण दिनुभयो ।

त्यस्तै सोही दिन सामाजिक शिक्षाको पनि उत्प्रेरणात्मक कार्यक्रम भएको थियो । उक्त कार्यक्रममा मातृकाप्रसाद लम्सालले प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रम तालिम समितिको उद्देश्यअनुसार उत्प्रेरित रहेको सहभागी शिक्षकहरूको भनाइ रहेको छ ।

विद्यार्थीहरू हरेक शिक्षण सिकाइमा सक्रिय सहभागी हुनुपर्ने, शिक्षकले पढाउँदा विद्यार्थीले टिपोट गर्ने बानी विकास गर्नुपर्ने, विद्यार्थीहरू जिज्ञासु, अध्ययनशील, मेहनती हुनुपर्ने, पढाइलाई बोझ ठान्न नहुने, कर्तव्यबोध र जिम्मेवारीबोध हुनुपर्ने, अङ्क भारको आधारमा उत्तर लेख्नुपर्ने; प्रश्नले मागेको जवाफ दिनुपर्ने, नमुना प्रश्नबारे ख्याल गर्नुपर्ने जानकारी पनि सो अवसरमा दिइएको थियो ।

सो अवसरमा इसानका सल्लाहकार आशाकुमार चिंकबञ्जारले प्रशिक्षकहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो । यसअघि गणित र विज्ञानको प्रशिक्षण दिइसकेको थियो भने अर्को कार्यक्रममा लेखा र अङ्ग्रेजीको हुने आयोजक समितिले जनाएको छ ।

# बचत तथा एआईसम्बन्धी जानकारीमूलक कार्यक्रम





भक्तपुर, १० पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३२ औँ स्थापना दिवसको अवसरमा संस्थाको बचत उपसमितिको आयोजनामा बचत र ए.आईसम्बन्धी जानकारीमूलक कार्यक्रम सिद्धि गणेश तालिम हल खँचामा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले ए.आई प्रविधिको सकारात्मक र नकारात्मक दुवै पक्ष हुने बताउँदै ए.आई.को राम्रा पक्षहरूको मात्र उपयोग गर्नुपर्ने बताउनुभयो । उहाँले विगतमा प्रत्यक्ष युद्धहरू हुने गरेकोमा हाल देशहरूबिच प्रविधिको प्रयोग गरी अप्रत्यक्ष युद्ध बढी हुने गरेको जानकारी दिनुभयो ।

उहाँले युवा पुस्तालाई राजनीतिक चेतना प्रदान गर्नुपर्ने आजको आवश्यकता रहेको भन्दै गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनमा नेपाली युवाहरूको भावनालाई प्रयोग गरी विदेशीहरूले त्यसको फाइदा उठाएको तथ्य विस्तारै खुल्दै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सदस्यहरूलाई प्रविधिबारे सुसूचित गर्ने उद्देश्यले कार्यक्रम आयोजना भएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक कृष्णगोविन्द लाखाले हाल सहकारी संस्थाहरूमा आएको समस्याबारे चर्चा गर्दै सहकारी संस्थाका सञ्चालकहरूले व्यक्तिगत फाइदामा भन्दा सदस्यको सेवा र विकासमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले समाज उत्थानका लागि सभ्य सहकारी प्रणाली र समाजवादी व्यवस्थाको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमका प्रशिक्षक सिनियर सफ्टवेर डेभ्लोपर गोपाल किसीले प्रविधिसम्बन्धी जानकारी लिन ढिलो गरे समाजमा आफू पछि पर्ने बताउँदै प्रविधिलाई अध्यावधिक गरी अघि बढे मात्र जीवनमा सफल बन्ने बताउनुभयो । उहाँले कार्यक्रममा ए.आई प्रविधिको प्रयोगबाट गर्न सकिने विभिन्न क्रियाकलापहरूको प्रयोगयात्मक अभ्यासबाट प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले ए.आई. प्रविधि हाम्रो दैनिक कार्यहरूमा समेत प्रयोग हुने बताउँदै डिप फेक जस्ता ए.आई प्रविधिको दुरुपयोगले हाल समाजमा विकृति फैलिँदै गएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई, उपसमितिका सचिव चिरीमैया लाखाजु तथा उपसमिति सदस्य सुन्दर मानन्धरले पनि बोल्नुभएको थियो ।

त्यसैगरी संस्था लि.को ३२ औँ स्थापना दिवसको अवसरमा संस्थाको सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखुको आयोजनामा गुडपाक, पुस्तकारी तथा सुत्केरी मसला बनाउने तालिम सिद्धि गणेश तालिम हल खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले ३१ जना युवाहरूले रु. ३१०० पुँजीबाट सामाजिक भावनासहित स्थापना भएको यस संस्थामा हाल २१ हजार सदस्य र ३ अर्बभन्दा बढीको कूल सम्पत्ति रहेको जानकारी दिनुभयो । उहाँले स्थानीयद्वारा सञ्चालित सहकारी संस्था सुरक्षित हुने बताउँदै सदस्यहरूको सामाजिक र आर्थिक विकास गर्ने उद्देश्यले संस्थाबाट नियमित सीपमूलक तथा आयमूलक कार्यक्रमहरू आयोजना हुँदै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक राधेश्याम सैंजुले तालिमबाट सिकेको ज्ञान व्यवहारिक रूपमा उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउँदै तालिमको सीप प्रयोग गरी व्यवसाय सुरु गर्न प्रोत्साहन गर्नुभयो ।

कार्यक्रमका प्रशिक्षक मनिषा शाखकर्मीले आफूमा भएका सीप आफूमा मात्र राखे बिस्तारै बिर्सदै जाने भएकोले आफूमा रहेको सिप अरुलाई सिकाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई, उपसमितिका सचिव पुण्यराम कर्माचार्य तथा प्रशिक्षार्थी नीसा तुलाधरले पनि बोल्नुभएको थियो ।

# चितपोल सिकाइ केन्द्रको साधारणसभा सम्पन्न





भक्तपुर, १० पुस । सूर्यविनायक नगरपालिका वडा नं. १० चितपोल सामुदायिक सिकाइ केन्द्रको २२ औँ स्थापना दिवसको अवसरमा ११ औँ वार्षिक साधारणसभा बुधबार सम्पन्न भयो ।

कार्यक्रममा सिकाइ केन्द्रका पूर्वअध्यक्ष सूर्यभक्त त्वातीले सिकाइ केन्द्रको गतिविधिबारे जानकारी दिँदै देशको अस्थिर अवस्था आउनुमा पटक पटक सरकारमा गएका शासकहरू नै दोषी छन् भन्नुभयो ।

उहाँले भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा विदेशी शक्तिहरूको हात रहेको बताउँदै राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाक्रमबारे बताउनुभयो ।

चितपोल सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष निर्मल माकको सभापतित्वमा सम्पन्न कार्यक्रममा सूर्यविनायक १० वडाका वडासचिव कुमार राउत, कटुञ्जे सामुदायिक सिकाइ केन्द्रका चनमती खुलिमुली, संस्थाका सचिव मनशोभा सुवालले आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा खेल प्रतियोगितामा विजयी हुनेहरूलाई ज्येष्ठ सदस्य गोपीबहादुर पाकुरले पुरस्कार वितरण गर्नुभयो ।

# निर्वाचन आयोगले जारी गऱ्यो निर्वाचन आचारसंहिता -२०८२ को मस्यौदा

काठमाडौँ, १० पुस । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता-२०८२ को मस्यौदा सल्लाह सुझावका लागि जारी गरेको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले आचारसंहिताको मस्यौदा जारी गरेको हो ।

निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न निर्वाचन आचारसंहिताको मस्यौदा जारी गरिएको आयोगले जनाएको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले अधिकार प्रयोग गरी आयोगले आचारसंहिताको मस्यौदा सल्लाह, सुझावका लागि जारी गरेको हो ।

आचारसंहितामा १० वटा परिच्छेद, पाँच वटा अनुसूची छन् । यो आचारसंहिता जारी भएसँगै निर्वाचन आचारसंहिता २०७९ खारेज गरिएको आयोगले जनाएको छ ।

जारी आचारसंहिता उल्लङ्घन गर्नेको नाम सार्वजनिक गरिने, विद्युतीय माध्यम वा सूचना प्रविधिको उपयोग गर्न सकिने व्यवस्था गरिएको छ । आचारसंहितामा निर्वाचन घोषणापत्र सार्वजनिक गरिनुपर्ने व्यवस्थासमेत गरिएको छ । ***(रासस)***

# चासुखेलमा युवा भेला

भक्तपुर, १० पुस । नेपाल क्रान्तिकारी युवा सङ्घ चासुखेलमा युवा भेला गरी पुन:गठन कार्यक्रम भयो ।

स्थानीय पार्टी समितिका अध्यक्ष पूर्णगोपाल राजचलले नेमकिपा स्थापना कालदेखि देश र जनताको आमूल परिवर्तनको लागि लागिपरेको बताउनुभयो ।

उहाँले नयाँ पुस्ताले नेमकिपाको इतिहास अध्ययन गरी देशभरका मजदुर किसानहरूलाई शासक वर्गमा पुऱ्याउनको लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाले युवा तथा विद्यार्थीहरू समाजवादी विचारबाट प्रेरित भएर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले युवाहरूलाई वदेशमै काम, माम र कपडाको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै नयाँ पुस्ताले विदेशी हस्तक्षेपलगायत सीमा अतिक्रमणको विरोध गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति सम्झना खाइजूले समाज परिवर्तनको लागि महिलाहरू पनि समाजवादी विचारबाट अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा विष्णुप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# कञ्चनपुरमा प्रशिक्षण कार्यक्रम

कञ्चनपुर, १० पुस । नेपाल मजदुर किसान पार्टी बेदकोट नगरपालिकाको आयोजनामा वडा नं ५ बिचफाँटा धरमपुर मुक्त शिविरमा विश्व सर्वहारावर्गका महान् गुरू स्तालिनको १४७ औं र माओ त्सेतुङको १३२ औं जन्मदिनको अवसरमा भेटघाट एवं प्रशिक्षण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले मार्क्सवादलाई व्यवहारमा लागु गर्न स्तालिन र अध्यक्ष माओको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

स्तालिनको योगदानकै कारण सोभियत रूसलाई विश्वको महाशक्ति बन्न सफल भएको चर्चा गर्दै केन्द्रीय सदस्य शाहीले समाजवादको स्थापना भएपछि सोभियत सङ्घले पुँजीवादले ३ सय वर्ष लगाएर गरेको प्रगति सोभियत रूसले ३०-४० वर्षमा हासिल गर्न सकेको बताउनुभयो ।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले राजनीति सबै नीतिको प्रमुख नीति भएकोले राजनीति राम्रो नभएसम्म अरू क्षेत्र राम्रो नहुने बताउनुभयो ।

राजनीति देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्ने उद्देश्यले हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा बेदकोट नगर समितिका अध्यक्ष सुरेन्द्रराज भट्ट, सीताराम रानालगायतले बोल्नुभएको थियो ।

# नंखेल साकोसको १७ औं साधारणसभा

भक्तपुर, १० पुस । नंखेल बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं वार्षिक साधारणसभा बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत सङ्घका सञ्चालक सदस्य राजकुमार लघुले सहकारी नियमन प्राधिकरणलगायत अन्य निकायले जारी गरेको निर्देशनले सहकारी कमजोर हुने र वित्तीय क्षेत्रमा बैङ्कहरूको एकाधिकार हुने धारणा राख्नुभयो ।

संस्थाका निवर्तमान अध्यक्ष रामकृष्ण स्यामाजुले सहकारीले सामाजिक कार्यक्रमको साथै सीपमूलक र आयमूलक कार्यक्रम गरेर सदस्यहरूलाई सचेत र सङ्गठित गर्नुपर्छ भन्नुभयो ।

संस्थाका अध्यक्ष तुल्सीदास कासुलाको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा संस्थाका ज्येष्ठ सदस्य, असल बचतकर्तालाई सम्मान गरिएको थियो । संस्थाका ज्येष्ठ सदस्य जङ्गबहादुर कासुला र भक्तपुर जिल्ला बचत सङ्घका सञ्चालक सदस्य राजकुमार लघुले संयुक्त रूपमा कार्यक्रम उद्घाटन गर्नुभएको थियो ।

# त्रिविको दीक्षान्त समारोहमा सोह्र हजार दीक्षित

काठमाडौं, १० पुस । त्रिभुवन विश्वविद्यालयको ५१ औं दीक्षान्त समारोहमा बिहीबार १६ हजार ३०० भन्दा बढी विद्यार्थी दीक्षित भएका छन् ।

समारोहमा प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति सुशीला कार्कीलगायत शैक्षिक जगत्का अग्रजले उनीहरूलाई दीक्षित भएको घोषणा गर्नुभएको हो ।

विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहसमेत गरी ८९ हजार १०१ विद्यार्थी उत्तीर्ण भएका छन् ।

दशरथ रङ्शालामा जारी समारोहमा विश्वविद्यालयको इतिहासमा पहिलोपटक बिहीबार नोबेल पुरस्कार विजेता जापानी प्राध्यापक ताकाआकी काजिता प्रमुख अतिथि हुनुहुन्छ । कार्यक्रममा सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनलगायत प्राज्ञको पनि उपस्थिति छ ।

विश्वविद्यालयका उपकुलपति प्रा दीपक अर्यालले विश्वविद्यालय क्रमिक रूपमा सुधारको बाटोमा अग्रसर भएको बताउँदै दीक्षित विद्यार्थीलाई बधाई दिनुभयो । *(रासस)*

# चार किलो ३०० ग्राम कोकिनसहित तीन जना पक्राउ

काठमाडौं, १० पुस । प्रहरीले चार किलो ३०० ग्राम अवैध लागुऔषध कोकिनसहित तीन जना विदेशी नागरिकलाई पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले हवाई मार्ग हुँदै नेपाल आएका विदेशी नागरिकलाई निगरानी गर्ने क्रममा काठमाडौं महानगरपालिका-९ सिनामङ्गल क्षेत्रबाट पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

थाइल्याण्डकी ४० वर्षीया रुसानी कामा, भारतका ५५ वर्षीय जेभियर म्याथ्यू थालियाचेरी र भारतका २१ वर्षीय मुर्सालेन हुसेनलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरिएको ब्यूरोका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक जीवन निरौलाले जानकारी दिनुभयो । "अनुसन्धानका क्रममा पक्राउ परेका तीन जनाले नेपालमा बसेर लागुऔषध कोकिनको कारोबार गर्ने गरेको पाइएको छ", उहाँले भन्नुभयो ।

प्रवक्ता निरौलाले लाओसबाट थाइल्याण्ड हुँदै काठमाडौं आएकी कामासँग ५५० ग्राम र लाओसबाट सिङ्गापुर हुँदै काठमाडौं आएका भारतका जेभियर र नेपालमा कोकिन लिन आएका भारतका अर्का नागरिक मुर्सलेनसँग तीन किलो ७५० ग्राम कोकिन बरामद गरिएको उल्लेख गर्नुभयो । थाइल्याण्ड नागरिक कामाले १२ वटा प्लाष्टिकमा क्याप्सुलभित्र र भारतीय नागरिकले जेभियरले सुटकेसभित्र लुकाएर ल्याएको अवस्थामा प्रहरीले कोकिन बरामद गरेको उहाँले बताउनुभयो ।

प्रहरीले पक्राउ जरेका तीनै जनालाई लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम आवश्यक कारबाहीका लागि काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको ब्यूरोले जनाएको छ । *(रासस)*



**कमला पुलको पुनर्निर्माण गरिँदै**

सञ्चालनमा आउनुअघि नै भाँसिएर करिब १३ वर्षदेखि निर्माणाधीन रहेको धनुषा-सिरहा जोड्ने कमला पुलको पुनर्निर्माण गर्दै ठेकेदार कम्पनी पप्पु-लुम्बिनी जेभी । *तस्विरः अमरेन्द्रकुमार यादव/रासस*

# ज्याला उठाउनै मुस्किल भएपछि गलैंचा बुन्न छाड्दै महिला

मलेखु (धादिङ), १० पुस । यहाँको नीलकण्ठ नगरपालिका-८, ज्यामिरेकी देवकी श्रेष्ठले एक वर्षअघि तीन महिनाको तालिम लिएर गलैंचा बुन्न थाल्नुभएको थियो । घरमै गलैंचाको तान (ठग्टी) हालेर गलैंचा बुन्दै आउनुभएकी उहाँले हाले सो काम छाड्नुभएको छ ।

सुरुमा सोचेजस्तो आम्दानी नभएपछि उहाँले काम छाड्नुभएको हो । उहाँले भन्नुभयो, "राम्रै आम्दानी हुन्छ कि भनेर तालिम लिएरै गलैंचा बुन्न थालियो । एउटा गलैंचा बुन्न तीन साता लाग्छ तर बुनेको ज्याला पाँचदेखि सात हजार पाइन्छ ।"

सुरुमा सिक्दा नजानेर ढिलो भएको होला भन्ने लागेपनि पछिसम्म जति बुन्दा पनि मेहनतअनुसार आम्दानी नभएपछि काम छाडेको देवकी बताउनुहुन्छ । देवकीलेझैं उहाँका धेरै गाउँले महिलाहरूले गलैंचा बुन्ने काम क्रमशः छाड्न थालेका छन् ।

महिलाहरूले गलैंचा बुन्न चासो देखाएपछि वडा कार्यालयले प्रशिक्षक राखेर तालिम दिएको थियो । उनीहरूलाई वडाले तान पनि उपलब्ध गराएको थियो । मेहनतअनुसार आम्दानी नभएपछि महिलाहरूले वडा कार्यालयलाई तान फिर्ता गर्न थालेका छन् ।

आफूले तयार पारेको एउटै गलैंचा विदेशमा २० देखि २५ हजार रूपैयाँमा बिक्री हुन्छ भन्ने उनीहरूले सुनेका छन् । तर बुनेको ज्याला सोचेभन्दा निकै कम पाएको नीलकण्ठ नगरपालिका-८, रामकोटकी लक्ष्मी श्रेष्ठले बताउनुभयो ।

गलैंचाका लागि आवश्यक कच्चापदार्थ कहाँबाट आउँछ, बुनेका गलैंचा कहाँ लगेर बिक्री गर्ने भन्नेबारे श्रमिकहरूलाई थाहा हुँदैन । गाउँमा गलैंचा उत्पादक कम्पनीका प्रतिनिधि जान्छन् । आवश्यक धागो, कैंची, तान र गलैंचाको नक्शासमेत घरमै पुऱ्याइदिन्छन् । ज्याला पनि उनै प्रतिनिधिले तोकि दिन्छन् । श्रेष्ठले भन्नुभयो, "कम्पनीको मान्छेले सबै सामान ल्याइदिन्छ, हाम्रो लगानी पर्दैन । तर पनि हाम्रो दैनिक ज्याला उठ्दैन ।"

विभिन्न ठाउँमा प्रशिक्षकको रूपमा काम गर्दै आउनुभएका लालबहादुर श्रेष्ठले घरमा बसेर गर्न मिल्ने भएकाले ज्याला थोरै दिने गरेको बताउनुभयो । कम्पनीले कति रूपैयाँ दिन्छ भन्नेबारे आफूलाई थाहै नहुने बताउनुभयो ।

मोटो वा मसिनो धागो र चित्रअनुसार ज्याला फरक छ । मोटो धागोको बुन्न छिटो हुन्छ, पैसा कम दिन्छ । मसिनो धागोको बुन्न गाह्रो र ढिलो हुन्छ पैसा धेरै आउँछ । लामो समयदेखि गलैंचा बुन्न सिकाउँदै आउनुभएका लालबहादुरका अनुसार मोटो धागोले बुन्न १८ देखि २० दिन लाग्छ भने मसिनो धागोले एउटा गलैंचा तयार गर्न एकजनालाई ४० देखि ४५ दिन लाग्छ ।

मोटो धागोबाट तयार पारेको बुट्टाअनुसार पाँचदेखि सात हजार र मसिनो धागोबाट तयार पारेको १७ देखि १८ हजार ज्याला दिन्छ । एक वर्षअघि वडा कार्यालयले दिएको तालिममा २० जनाले गलैंचा बुन्न सिकेका थिए । १८ जनाले तान घरमै लगेर बुन्न थालेका थिए । तर हाल सो सङ्ख्या घटेर पाँचजनामा झरेका छन् ।

गलैंचा कम्पनीका प्रतिनिधि बुद्धिसिंह तामाङकाअनुसार कच्चापदार्थ विदेशबाट आयात गर्नुपर्छ र गलैंचा तयार गरिसकेपछि फेरि विदेशमै निर्यात गरिन्छ । महिलाले बुनेका ९० सेन्टिमिटर चौडाइ र १९० सेन्टिमिटर लम्बाइको गलैंचाको बजार मूल्य बुट्टाअनुसार १५ देखि २५ हजार पर्छ । ढुवानी, प्रशोधन गरी बिक्रीका लागि तयार गर्दा खर्च धेरै हुने भएकोले श्रमिकलाई पाँचदेखि सात हजारभन्दा बढी ज्याला दिन नसकिने उहाँको भनाइ छ ।

कमजोर अध्ययनको भरमा कार्यक्रम गर्दा यस्ता अवस्था आउने घरेलु तथा साना उद्योग कार्यालय धादिङका प्रमुख चुडामणि पुरीले बताउनुभयो । स्थानीय तहले हचुवाको भरमा बजेट हाल्ने र पहुँचको आधारमा बजेट लगानी गर्दा पनि समस्या भएको पुरीको भनाइ छ ।

नीलकण्ठ नगरपालिका-८ का वडाध्यक्ष प्रकाशकुमार श्रेष्ठले स्थानीय महिलाको मागअनुसार तालिम सञ्चालन गरेको बताउनुभयो । धादिङको नीलकण्ठ, नेत्रावती, गङ्गाजमुना, सल्यानटार, महादेवबेँसी लगायतका स्थानमा गलैंचा बुन्ने श्रमिकहरू छन् । जिल्लाभर चार सयको हाराहारीमा गलैंचा बुन्ने श्रमिक छन् । *(रासस)*

# वीरगञ्ज हुँदै ४० अर्बका सामान निर्यात

वीरगञ्ज (पर्सा), १० पुस । वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा रु. ३९ अर्ब ९७ करोड मूल्यका वस्तु तथा सामान निर्यात भएको छ । गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै ८९ प्रतिशतअर्थात् रु. १८ अर्ब ७९ करोड बढीको निर्यात भएको हो ।

जबकि गत आवको पाँच महिनामा भने रु. २१ अर्ब १८ करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा यो नाका हुँदै हुने निर्यातमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो ।

चालु आवको पाँच महिनामा रु. २० अर्ब ७६ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ । त्यस्तै रु. तीन अर्ब सात करोड मूल्य पर्ने फलफूलको जुस निर्यात भयो । रु. दुई अर्ब ८७ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल, रु. एक अर्ब ९७ करोड मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ । त्यस्तै रु. एक अर्ब ५० करोड मूल्य पर्ने विभिन्न किसिमका कपडाहरू पनि निर्यात भएको कार्यालयले जनाएको छ । *(रासस)*

**नवयुग बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-९, भक्तपुर, फोन नं. ०१-६६१०८४४

**कर्जा तिर्न आउनेबारे १५ दिने सार्वजनिक सूचना**

प्रथम प्रकाशित मिति : २०८२।९।११ गते

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले धितो सुरक्षण राखी व्यवसायिक कर्जा शीर्षकअन्तर्गत कर्जा लिई संस्थासँग गरेको कर्जासम्बन्धी सर्त कबुलियतबमोजिम उल्लेखित भाखा अवधिभित्र कर्जा तिर्न बुझाउनुपर्नेमा सो अवधिभित्र रकम नबुझाएको हुँदा कर्जा चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दासमेत सोको बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनुपर्ने कर्जा रकम नबुझाई संस्थाको सर्त बन्देज उल्लङ्घन गरेको हुँदा संस्थामा तिर्न बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थामा तिर्न बुझाउनुपर्ने सम्पूर्ण ऋण रकम चुक्ता गरी दिनुहुन सादर अनुरोध गरिन्छ । यदि रकम बुझाइसकेको भए सोको प्रमाणसहित संस्थामा उपस्थित हुन आउनुहोला । अन्यथा समयभित्र संस्थाको ऋण चुक्ता नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुनबमोजिम संस्थामा भए गरेका लिखतका आधारमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री गरी कर्जा असुलउपर गरिने व्यहोरा यसै सूचनामार्फत जानकारी गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | धितोमा रहेको जायजेथाको विवरण |
|---|---|
| **नाम** : रामकृष्ण बोहोरा<br>**पिता** : दानबहादुर बोहोरा<br>**बाजे** : माधवरसिंह बोहोरा<br>**ठेगाना** : सिन्धुपाल्चोक जिल्ला, टेकनपुर गा.वि.स. वडा नं. ६, स्थायी घर भई हाल भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोट | भक्तपुर जिल्ला साबिक झौखेल गा.वि.स. वडा नं. ८(घ) भई हाल परिवर्तित चाँगुनारायण नगरपालिका वडा नं. २ कित्ता नं. १०५६ क्षेत्रफल ०-३-१-० घर जग्गा पूरै |

। सम्पादकीय ।

# आर्थिक अनुशासन जरुरी

सरकार गठनताका हरेक शासकहरू मिठा र आकर्षक सपना बाँड्थे । तर, बाँडेको सपना कहिल्यै पूरा हुँदैन । कहिले देशलाई सिङ्गापुर बनाउने, कहिले समृद्ध नेपाल सुखी नेपाली बनाउने, कहिले भ्रष्टाचारशून्य बनाउने त कहिले विश्वको लागि परिचय दिने खालको देश बनाउने सपना शासकहरू बाँड्थे । संसारकै निम्ति देखाउनलायक संविधान बनेको दाबी गर्ने शासकहरूले बनेको संविधान पनि कार्यान्वयन गर्न सकेका छैनन् । भ्रष्टाचार नगर्ने र गर्न नदिने उद्घोष गर्ने दलका नेताहरू आफै भ्रष्टाचारबाट गन्हाएका छन् । सिङ्गापुर बनाउने सपना बोकेका नेताहरूले यो देशलाई गरिबमुक्त त के साक्षर देश पनि बनाउन सकेका छैनन् । नेपाल सिङ्गापुर त के विकासशील देशको चरणमा पनि पुगेको छैन । समृद्ध नेपाल र सुखी नेपालको कुरा त कुन चराको नाउँझैं भएको छ ।

भ्रष्टाचारशून्य देश बनाउने यो देशमा भ्रष्टाचारकै कारण विश्वमा बदनाम छ । नेपाल बढी भ्रष्टाचार हुने देशको सूचीमा परेको छ । शासकहरू भ्रष्टाचार अन्त्य गर्न होइन भ्रष्टाचार गर्न दिएर दल र दलका नेतालाई धनी बनाउँछन् । उनीहरूले देशको राजस्वबाट दल चलाउने कुरासम्म गर्न भ्याए । विदेशबाट पाउने अनुदान, विकासको निम्ति दिइने भनिएको आर्थिक सहयोग पारदर्शी हुँदैन । विदेशबाट लिइएको ऋण सरकारले वर्षमा कति तिरेको छ भन्नेबारे लेखाजोखा हुँदैन । कसको जिम्मामा कहाँ कति खर्च भयो सोको हिसाब पारदर्शी हुँदैन । जनतासँग सम्पर्क हुने, जनताको काममा सहयोग गर्ने स्थानीय तहमै भ्रष्टाचारले बढी ठाउँ पाएको अर्थविद्हरूको विश्लेषण घटनाक्रमबाट पुस्टि हुँदै छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार र अनियमितताको उजुरी राख्ने गरिरहेको छ । महालेखा परीक्षकको प्रतिवेदनले स्थानीय तहमा अरबौं रूपैयाँको अनियमितता भएको औंल्याएको छ । त्यस्तै विभिन्न सर्वेक्षणले स्थानीय स्तरमा भ्रष्टाचार बढेको जनाएको छ । बजेट दुरूपयोग, ठेक्कापट्टामा कमिसन, ढिलासुस्ति र विकास योजनामा अनावश्यक खर्च आदि अनियमितताका दृष्टान्तहरू हुन् ।

हरेक संस्थामा आर्थिक अनुशासनको आवश्यकता छ । आर्थिक अनुशासनमा कडाइ गर्नुपर्छ । कति नेता, मन्त्री, सांसदहरू आर्थिक प्रलोभनमा फसेका छन् । पैसाकै निम्ति राजनीति गर्ने या राजनीतिलाई कमाउने मेसो बनाएपछि देशमा कसरी शुद्ध राजनीति हुन्छ ? आर्थिक पारदर्शिता कसरी हुन्छ ? भ्रष्टाचार शून्य कसरी हुन्छ ? ट्रान्सपरेन्सी इन्टरनेसनलको एक सूचाङ्कअनुसार नेपाल १ सय ८० देशमध्ये १ सय सातौं स्थानमा परेर नेपाल धेरै भ्रष्टाचार हुने देशको सूचीमा परेको छ । यहाँ करोडौं खरबौं रकम बराबरको भ्रष्टाचारमा शासक दलका नेताहरू नै परेका छन् । जग्गा र रकम हिनामिनामा मन्त्री र सांसदहरू मुछिएका छन् । भुटानी शरणार्थीको नाममा भएको ठगी काण्ड, सुन तस्करी प्रकरण, ललितानिवासको जग्गा प्रकरणलगायतका दर्जनौं भ्रष्टाचार काण्डका समाचारहरू बाहिर आएका छन् । भ्रष्टाचार प्रकरणका ती मुद्दाहरू सार्वजनिक भएको पनि वर्षौं भयो । तर, अहिलेसम्म भ्रष्टाचार प्रकरणका ती मुद्दाहरूको कारबाहीको प्रक्रिया अघि बढाइएको छैन ।

शासकहरूले आफ्नो दल र दलका नेताहरूको बदनाम हुन्छ भनेर भ्रष्टाचारीहरूलाई कारबाही नगरी उल्टो भ्रष्टाचारीहरूको पृष्ठपोषण गरिरहेका छन् । यसको कारण भ्रष्टाचार नियन्त्रण भई घट्नुको सट्टा अनियन्त्रित भई झन् बढिरहेको पाइन्छ । संयुक्त राज्य अमेरिका देशमै श्रम गरेर, उद्योगधन्दा विकास गरेर धनी भएको होइन । अरु देशको प्राकृतिक स्रोत साधन कब्जा गरेर या आफ्नो अधीनमा राखेर, अरु देशलाई जुधाइ हतियार बेचेर अमेरिका धनी भएको हो । अरु देशका शासक र जनताबिच जुधाउने, आन्तरिक कलह बढाउने, उद्योगधन्दा खोल्न नदिने र हतियार निर्यात गर्ने, अरु देशको अर्थतन्त्र ध्वस्त पार्ने काममा अमेरिका अगाडि छ । मुलुकको विकासमा बाधा हाल्ने, द्वन्द्व चर्काउने, अर्थतन्त्र ध्वस्त पार्ने काममा अमेरिकाको प्रत्यक्ष या अप्रत्यक्ष हात छ । अमेरिकाकै दबाब, हस्तक्षेप, नाकाबन्दी र आक्रमणकै कारण अरु देशको विकास र अर्थतन्त्र ध्वस्त भएको हो । रुस - युक्रेन युद्ध, इजरायल र प्यालिस्टिन युद्धमा अमेरिकाको हात छ ।

नेपालमा पनि शासकहरूले घुमाइफिराइ देशको राजस्व र विकासको रकममा रजाइँ गरिरहेका छन् । देशका अगुवाहरू नै हगुवा भएपछि देश कसरी बन्छ ? देश बढी भ्रष्टाचार भएको सूचीमा कसरी पर्‍यो ? शासकहरू इमानदार, नि:स्वार्थी, देश र जनताप्रति समर्पित तथा जिम्मेवार भएका भए देशमा त्यति भ्रष्टाचार हुँदैनथ्यो; कसैले गरिहालेमा कारबाही हुन्थ्यो । भ्रष्टाचारका प्रकरण र श्रृङ्खला हेर्दा शासकहरू आफै भ्रष्टाचार अनियमितताको बाटोतर्फ उन्मुख भएको देखिन्छ । सिद्धान्त र विचारभन्दा पद र पैसाको राजनीति गर्ने स्वार्थी, अवसरवादी शासकहरूले राज गरेसम्म देशमा भ्रष्टाचार र अनियमितता अन्त्य हुनेछैन । देशमा सुशासन हुनेछैन ।

# एमाले जनताको बहुदलीय जनवाद (जबज) बाट बाहुबलीवादमा (बाबवा) मा पतन !

✍ **विवेक**

एमालेको ११ औं महाधिवेशन हालै सम्पन्न भयो । पोखरामा गर्ने भनिए पनि भदौ २३ र २४ गतेको युवाहरूको आन्दोलनपछि एमालेले भक्तपुरको सल्लाघारीमा महाधिवेशन सम्पन्न गर्‍यो । महाधिवेशनमा कुनै वैचारिक बहस भएन । पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टीमा ल्याउने वा नल्याउने भन्ने विषय नै महाधिवेशनको मुख्य मुद्दा बन्यो । केपी ओली पक्ष जसरी पनि भण्डारीलाई रोक्ने पक्षमा थियो भने ईश्वर पोखरेल पक्ष जसरी पनि भण्डारीलाई एमालेको सदस्यता दिएरै छाड्ने पक्षमा थियो । त्यसैले एमालेको महाधिवेशन जनताको लागि खास चासोको विषय भएन । आफ्नै कार्यकर्ताहरूबिचको निर्वाचनमा भारी मतले केपी ओली पक्षका उम्मेदवारहरू विजयी बन्नुमा कुनै आश्चर्यको विषय पनि थिएन । आगामी निर्वाचनमा एमालेको अवस्था के हुन्छ त्यो भने हेर्न बाँकी नै छ ।

महाधिवेशनमा कुनै किसिमको वैचारिक बहस नहुँदा एमाले विचारशून्य पार्टीमा रूपान्तरण भएको धेरैले अड्कल काट्दै छन् । एमालेले पहिले नै माओ त्सेतुङ विचारधारा छोडिसकेको थियो । तापनि एमाले नाममा मात्रै भए पनि मार्क्सवादी लेनिनवादी झुण्ड्याएर पार्टी चलाइरहेको छ र जनतालाई कम्युनिस्ट भनी झुक्याइरहेको छ । पाँचौं महाधिवेशनदेखि मदन भण्डारीले अघि सारेको 'जनताको बहुदलीय जनवाद' (जबज) लाई अङ्गीकार गर्दै आएको एमालेले यस पटकको महाधिवेशनमा ईश्वर पोखरेल पक्षले जबजको वकालत गर्‍यो । केपी ओली पक्षले भने जबजको नाम लिनसमेत चाहेको देखिएन । बरु, महाधिवेशनको केही समयअघि ओलीले एक सार्वजनिक कार्यक्रममा मदन भण्डारीको नामै किटेर 'चार श्रीमती राख्ने, सहकारी ठग' सम्मको आरोप लगाए । त्यो केपी ओली पक्षले महाधिवेशनबाट 'जनताको बहुदलीय जनवाद' (जबज) छोड्ने सङ्केत थियो भनेपछि त्यसको पुष्टि पनि भयो ।

केपी ओली पार्टी अध्यक्षमा निर्वाचित भएलगत्तै राखिएको सभामा बोल्दै ओलीले 'एमालेलाई छुने प्रयास गर्यो भने देश ठप्प पार्न' कार्यकर्ताहरूलाई निर्देशन दिए । त्यो गौरीबहादुर कार्की आयोगलाई चेतावनी थियो । पटक-पटक प्रधानमन्त्री भइसकेका व्यक्तिबाट देश ठप्प पार्ने चेतावनी आउनुले एमाले निर्वाचन होइन अराजकता चाहन्छ भन्ने पुष्टि गर्छ । हुन पनि ओली पक्षबाट निर्वाचित पदाधिकारीहरू विभिन्न फौजदारी मुद्दामा विवादित छन् । सचिवमा निर्वाचित महेश बस्नेत बलात्कार र भ्रुण हत्याको मुद्दा अदालतमा खेपिरहेका व्यक्ति हुन् । 'सांसद अपहरण', 'चन्दा आतङ्क मच्चाउने' व्यक्तिको रूपमा उनी परिचित छन् । उनी आफैले लेखेको पुस्तकमा 'युथ फोर्सलाई विभिन्न क्यासिनोले महिनाको २/३ लाख सहयोग गरेको' (पेज १४०) उल्लेख छ । पुस्तकमा कोटेश्वरमा भएको रामहरि हत्या काण्डको सम्बन्धमा उनले 'रामहरिको दाजु बनेर दर्जनौं पटक झूट बोलेको' निर्लज्जतापूर्वक उल्लेख गरेका छन् (पेज ८०) । त्यस्तै विष्णु पौडेल (उपाध्यक्ष) बालुवाटारको जग्गा हिनामिना प्रकरणमा, शेरधन राई (सचिव) महिलामाथि दुर्व्यवहार, ऐन महर र विशाल भट्टराई पनि विवादित व्यक्तिहरू हुन् ।

एमाले नेतृत्वको सरकारको पालामा भएको गिरिबन्धु टि स्टेटको जग्गा सट्टापट्टा प्रकरण, स्वास्थ्य सामग्री खरिदमा भएको 'ओम्नी' काण्ड, नेपाल ट्रस्टको जग्गा कौडीको मूल्यमा यती समूहको गोकर्ण रिसोर्टलाई दिएको सम्बन्धी मुद्दालगायत चर्चित काण्डहरू हुन् । यसले एमालेले जबज त्याग गरेर बाहुबलीवाद (बाबबा) अवलम्बन गरेको रूपमा जनताले बुझ्न थालेका छन् । पार्टीले अवलम्बन गरेको सिद्धान्त र विचारधाराको आधारमा देशलाई अगाडि बढाउने सपना देखाउनुपर्नेमा एमाले नेतृत्वले धम्क्याएर र तर्साएर शासन गर्ने चेतावनी सार्वजनिक रूपमा दिइरहेका छन् । धम्काउनु, तर्साउनु राजनीति होइन, त्यो त डरपोक अभिव्यक्ति हो । यो एमाले नेताहरू भित्र भित्र डराइरहेको सङ्केत हो ।

एमाले महाअधिवेशनमा ईश्वरपोखरेल पक्षीय गुट जितेकै अवस्थामा पनि जनताको निम्ति तात्त्विक फरक पर्ने छैन किनभने एमालेले जबजलाई लामो समयदेखि पुँजीवादी सरकारमा जाने भर्याङमात्र बनाउँदै आइरहेको छ । नेका, राप्रपा, रास्वपा जोसुकैसँग जुनसुकै अवस्थामा मिलेर पनि सरकारमा जाने जबजको सार हो । राप्रपाका कमल थापा, राजेन्द्र लिङ्देन, परिवार दलका एकनाथ ढकालदेखि हृदयेश त्रिपाठीसम्मलाई एमालेको टिकट दिएर निर्वाचन जित्न सहयोग गर्नु नै जबज हो । एमालेभित्र जबजका व्याख्याताहरू धेरै छन् । उनीहरूले जबजलाई संसारकै 'नवीनत्तम सिद्धान्त' भनेर व्याख्यासमेत गरेका छन् । उनीहरूले दाबी गरेजस्तै जबज न नविन विचार हो न मार्क्सवाद लेनिनवादसँग छेउ टुपो मिल्ने विषय हो । जबज मार्क्सवादविरोधी संशोधनवादी विचार हो, त्यो पुँजीवादी विचार हो । जबजका 'प्रणेता' मदन भण्डारीलाई कम्युनिस्टहरू संशोधनवादी बर्नस्टिनसँग तुलना गर्छन् र भण्डारी नेपालका वर्नस्टिन भएको बताउँछन् ।

वर्नस्टिन मार्क्सवादविरोधी थिए । उनले सन् १८९६–१८९८ तिर जर्मन सामाजिक जनवादीहरूको मुखपत्र (नयाँ युग) मा 'समाजवादका समस्याहरू' लेखहरू लेखेर मार्क्सवादका दार्शनिक, आर्थिक र राजनैतिक सिद्धान्तहरूको संशोधन गर्ने प्रयास गरे । उनले पुँजीवाद शान्तिपूर्ण तरिकाले समाजवादमा विकास हुने विचार अघि सारे । संसद्मा बहुमत सदस्यहरू जितेरै शासन सत्ता मजदुरवर्गले कब्जा गर्न सक्छ भन्ने उनको विचार थियो ।

सन् १९५६ मा नेता स्तालिनको निधनपछि सोभियत सङ्घको सत्तामा पुगेका खुश्चेभले त्यही संशोधनवादी नीतिलाई अवलम्बन गरे । पार्टीको २० औं महाधिवेशनले वर्गसङ्घर्ष आवश्यक नभएको र शान्तिपूर्ण तरिकाबाटै समाजवाद आउँछ भन्ने संशोधनवादी विचार अघि सारे । संसदीय निर्वाचन जितेर नै कुनै पनि देशमा समाजवाद स्थापना गर्न सकिन्छ भन्ने मार्क्सवादविपरीत संशोधनवादी वा पुँजीवादी विचार थियो त्यो । त्यही गलत सैद्धान्तिक आधार बनाउँदा सोभियत सङ्घमा समाजवाद तासको घरझैं भत्क्यो । आज न समाजवाद रह्यो न सोभियत सङ्घ नै । देश १४/१५ वटा टुक्रामा विभाजित भयो । पूर्व सोभियत सङ्घ अहिले रुस र युक्रेनबिच वर्षौंदेखि युद्धरत छन् । सिद्धान्त छाड्नाको परिणाम हो त्यो दुर्दशा ।

एमाले महाधिवेशनमा भएको प्रचार प्रसार कुनै पुँजीवादी पार्टीहरूको भन्दा कम थिएन । निर्वाचन स्थल भृकुटी मण्डपमा नेताहरूका फोटोहरू, झण्डाहरू छरपष्ट थिए । महाधिवेशन प्रतिनिधिहरू ती फोटो र झण्डाहरूमा कुल्चेर आआफ्नो गुटको प्रचार गरिरहेको, छाडा गीत गाएर अर्धनग्न भई नृत्य गर्ने नायिकाहरू समेत भोट मागिरहेका दृश्य देखिन्थ्यो । ती सबै दृश्यले अब एमाले जनताको बहुदलीय जनवाद (जबज) बाट रूपान्तरण भई बाहुबलीवाद (बाबवा) मा परिणत भएको जनताले अनुभव गर्दै छन् ।

# भेनेजुयलाको आन्तरिक मामिलामा हस्तक्षेप नगर

भेनेजुयलाका राष्ट्रपति निकोलस माडुरोले संरा अमेरिकासँगका सबै कूटनीतिक सम्बन्ध विच्छेद गर्ने घोषणा गरे । स्वघोषित 'अन्तरिम राष्ट्रपति' ह्वान वाइडोलाई संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले औपचारिक मान्यता दिने घोषणासँगै माडुरोले यस्तो घोषणा गरेका थिए ।

यतिबेला भेनेजुयलामा 'दुईवटा सरकार' को अवस्था छ । जसले राजनीतिक विध्वंसको खतरालाई बढाएको छ । संरा अमेरिकाले विपक्षी सरकारलाई मान्यता दिएपछि त्यसैलाई पछ्याउँदै लिमा समूहका देशहरूले पनि ग्वाइडोलाई 'अन्तरिम राष्ट्रपति' को मान्यता दिएको थियो । तर, भेनेजुयलाका रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले सेनाले ग्वाइडोलाई मान्यता नदिने बरू भेनेजुयलाको सरकारले संविधान र - सार्वभौमिकताको रक्षा गर्ने घोषणा गरेका थिए ।

रूसी विदेश मन्त्रालयका प्रवक्ताले मस्को सरकारको समर्थन माडुरोलाई - रहेको प्रस्ट पार्दै संरा अमेरिकाले भेनेजुयलाको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै - सत्ता परिवर्तनको प्रयास गरेको धारणा सार्वजनिक गरिसकेका छन् ।

आर्थिक सङ्कटले निम्त्याएको कहालीलाग्दो मुद्रास्फीतिले भेनेजुयलामा - राजनीतिक अन्योलको अवस्था सिर्जना गरेको छ । सन् २०१८ को मे महिनामा सम्पन्न चुनावले भेनेजुयलालाई थप विभाजनको अवस्थामा पुर्‍याएको हो ।

भेनेजुयलामा जारी प्रतिकूलता कसैबाट लुकेको विषय होइन । विश्व अर्थतन्त्रमा आएको शिथिलताले ल्याटिन अमेरिकी देश भेनेजुयलामा पनि विकासको गतिमा सुस्तता ल्याएको हो । यस्तो अवस्थामा वामपन्थी पार्टीलाई टिक्न गाहो भइरहेको र दक्षिणपन्थी शासकहरू दबुमा आउन थालेका छन् । भेनेजुयलामा माडुरो सरकारमाथि दक्षिणपन्थी शक्तिहरूले दबाब बढाइरहेका छन् ।

पछिल्ला वर्षमा वाशिङटनले भेनेजुयला र क्युवाका आन्तरिक मामिलामा हस्तक्षेपको मात्रा बढाइरहेको छ । ल्याटिन अमेरिकामा आफ्नो प्रभाव अझ बलियो बनाउने प्रयत्न गरिरहेको छ । ग्वाइडोलाई हतारमा मान्यता दिएर संरा अमेरिकाले भेनेजुयलाको आन्तरिक मामिलामा हस्तक्षेप गरेको छ ।

वाशिङटनको कदम प्रस्ट लक्ष्यसहितको आक्रामक किसिमको छ, जसले भेनेजुयलाको राजनीतिमा प्रत्यक्ष प्रभाव पारिरहेको छ । अन्तर्राष्ट्रिय कानुनी प्रणाली कायम राख्ने कोणबाट हेर्दा त्यस्ता हस्तक्षेपलाई हौस्याउनु उचित होइन । आफ्नो हितको रक्षाको लागि सार्वभौमिकता र त्यसको रक्षाको विषय कुनै पनि देशको लागि अत्यन्त महत्त्वको विषय हो । कुनै पनि देशको प्रमुख आन्तरिक मामिलामा बाहिरी शक्तिले आफ्नो मान्यता लाद्न नाक ठोकाउने काम गर्छ भने अन्तर्राष्ट्रिय कानुनमा ठुलो भ्वाङ रहेको ठहरिनेछ ।

लामो समयदेखि संरा अमेरिकाले आफ्ना हस्तक्षेपकारी कदमलाई वैधानिकता दिन भूराजनीतिक स्वार्थ र मान्यताअनुसार अन्तर्राष्ट्रिय कानुनमा परिवर्तन ल्याउन खोजिरहेको छ । केही हस्तक्षेप र घुसपैठलाई सामान्य घटनाजस्तो व्यवहार गरेर वाशिङटनले के ठीक हो र के बेठीक भन्ने कुरामा अन्योलको अवस्था निम्त्याइरहेको छ ।

वाशिङटनको पछिल्लो कदमले ल्याटिन अमेरिकी देशहरूलाई वामपन्थी खेमा वा दक्षिणपन्थी खेमामध्ये एउटा खेमा रोज्न बाध्य तुल्याएको छ । वाशिङटनले ल्याटिन अमेरिकी देशहरूको मनमुटावलाई अझ खराब अवस्थामा पुर्‍याइदिएको छ र त्यहाँको क्षेत्रीय एकतालाई दुरूह बनाइदिएको छ ।

भेनेजुयलामा दुईवटा सरकारको अवस्था दुर्भाग्यपूर्ण छ । यो घटनाले मानवीय सङ्कट निम्त्याउन र अन्तर्राष्ट्रिय समुदायले कुनै कदम चाल्नुपर्ने रक्तपातपूर्ण द्वन्द्वको अवस्थामा परिणत हुनुअघि नै भेनेजुयलाको विभिन्न राजनीतिक शक्ति मिलेर सुरूमै यो राजनीतिक विवादको अन्त्य गरिनुपर्छ । सबै पक्षले संयमतापूर्वक काम गर्नुपर्छ र भेनेजुयलामा सैनिक हस्तक्षेपको सम्भावित अवस्था रोक्न सजग हुनुपर्दछ ।

अन्तर्राष्ट्रिय समुदायले भेनेजुयलाका शक्तिहरूलाई संवादमार्फत शान्तिपूर्वक समस्याको समाधान गर्न उत्साहित गर्नुपर्छ । यतिबेला कुनै एउटा पक्षको पक्षधरता लिनु उपयुक्त होइन । त्यसले दुश्मनी बढाउने र अवस्थालाई अझ बनाउनेछ । फलत: भेनेजुयलालाई दीर्घकालीन द्वन्द्वतिर धकेल्न सक्छ । भेनेजुयला रङ्गीन क्रान्तिको अर्को रक्तपातपूर्ण रणभूमि बन्नुहुन्न ।

***No interference in venezuelan issues, Jan, 24th २०१९***

***स्रोत : चिनियाँ समाचारपत्र ग्लोबल टाइम्सको सम्पादकीय***

## सन्दर्भ : जे.भी. स्तालिन जन्म दिवस (डिसेम्बर २१)

# जोसेफ विसारियोनोभिच स्तालिनको जीवनी - ५

✍ हरिबहादुर श्रेष्ठ

क्रान्तिको बेला शोषकवर्गको जफत गरिएको कलकारखाना, जग्गा-जमिन, यातायात र व्यापारका साधन र बैङ्कको नाफाबाट पुँजी जम्मा गरियो । किसानहरूको करबाट उठ्ने ५० करोड रुबल जारले बर्सेनि विदेशलाई तिर्ने गरेको ब्याजलाई तिर्न बन्द गरिदियो र त्यही रकमबाट खेतीको ज्यावल र उद्योगको कलकारखाना बनाउन सुरु गऱ्यो । रुसले उद्योगको विकास गरेकोले पुँजीवादी र साम्राज्यवादी देशहरू रिसले बहुला भए । १६२७ मई महिनामा बेलायती सरकारले सोभियत व्यापार संस्थामा धावा बोल्यो र २६ मईको दिन कूटनैतिक सम्बन्ध चुँडाली दियो । ७ जूनको दिन पोल्यान्डमा रुसी राजदूतलाई मारिदियो । लेनिनग्राड र रुसका विभिन्न भागमा बेलायती जासुसहरूबाट ध्वंसात्मक गतिविधि गराइयो । जर्मनी र चीनका विभिन्न ठाउँमा सोभियत व्यापार प्रतिनिधिहरूमाथि हमला गर्न दिइयो । पार्टीभित्र पनि तात्स्की, जिनोबियव र कामेनेभहरूले अर्कै केन्द्र र छापाखाना बनाएर पार्टी नीतिकै विरोध गरे; मजदुर र किसानको बिच झगडा गराउने काम गरे । कुलाकहरूलाई 'सुसंस्कृत वर्ग' भनेर पक्ष लिए र औद्योगिकीकरणलाई बाधा दिन थाले । त्यसैले स्तालिनले भन्नुभयो, "बेलायतको चेम्बरल्यान्डदेखि त्रोत्स्कीसम्म एक संयुक्त मोर्चा बनाउँदै थियो ।"

पार्टीका ७,२४,००० पार्टी सदस्यहरूले स्तालिन र पार्टी केन्द्रको नीतिलाई समर्थन गरे र ४ हजार अथवा १ प्रतिशत पार्टी सदस्यहरूले मात्र विरोधीहरूको नक्कली केन्द्र र नीतिलाई समर्थन गरे । १४ नोभेम्बर, १९२७ मा केन्द्रीय समिति र नियन्त्रण समितिको संयुक्त बैठकले त्रोत्स्की र जिनोवियबलाई पार्टीबाट निकालिदियो । २९ डिसेम्बर १९२७ मा पार्टीको १५ औँ महाधिवेशन भयो । स्तालिनले प्रगति रिसोर्टमा भन्नुभयो, औद्योगिक उत्पादन देशको जम्मा उत्पादनमा २४ प्रतिशत पुग्यो । खेती उत्पादन युद्धभन्दा पहिलेको तुलनामा ९१ प्रतिशतमात्रै थियो र बजारमा अन्नको पूर्ति ३७ प्रतिशतमात्रै थियो । खेतीलाई त्यस नराम्रो स्थितिबाट जोगाउन स्तालिनले "स-साना खेतहरूलाई एउटै ठुलो फाँट बनाएर सामूहिक खेती सुरु गर्नुपर्छ, जबरजस्ती होइन, उदाहरण दिएर सम्झाइबुझाइ, बिस्तारै स-साना खेतलाई ठुलठुला खेतमा मिलाउनुपर्छ; मेसिन र ट्राक्टरहरूले जोतेर बाक्लो र वैज्ञानिक ढङ्गले सामूहिक र साझा खेती गर्नुपर्छ" भनेर नयाँ बाटो देखाउनुभयो । उहाँले सामूहिक खेतीको विकासमा स्वास्नीमानिसहरूको महत्त्व र योगदानमाथि जोड दिनुभयो । देशको अर्थतन्त्रको छिटो विकास गर्न पहिलो पाँचवर्षे योजना लागु गर्न उहाँले प्रस्ताव राख्नुभयो । 'जनवादी केन्द्रवादी' गुटका मुख्य मुख्य नेताहरूलाई पार्टीबाट निकालिदियो र केहीलाई सुध्रने मौका दिइयो । गाउँमा समाजवादलाई अगाडि बढाउन स्तालिनले भन्नुभयो, "गरिब किसानहरूको भर गर, मध्यम किसानहरूको सहयोगलाई बलियो बनाऊ र कुलाकहरूसँग कम्मरकसेर लड ।" पहिलो पाँचवर्षे योजनालाई सफल पार्न स्तालिनले मजदुर, किसान र जनतामा 'समाजवादी प्रतियोगिता' लागू गर्नुभयो र मेहनत गर्नु इज्जत र गौरव, साहस र वीरताको कुरो हो भन्ने नयाँ सिद्धान्त अगाडि सार्नुभयो । समाजवादी प्रतियोगिताले ट्राक्टर-कारखाना, पानी-बिजुली र कोइला खानीको काममा धेरै छिटो काम हुन थाल्यो । त्यसैले अप्रिल, १९२९ मा स्तालिनले भन्नुभयो, "महान् परिवर्तनको एक वर्ष !' तर, बुखारिन र अरु विरोधीहरू विदेशी तत्त्वहरूसँग मिलेर सहकारी खेतीको विरोधमा कुलाकहरूको समर्थनमा गाउँ-गाउँमा हुल हुज्जत गर्न थाले । तर, गरिब किसानको भरमा र मध्यम किसानको सहयोग लिएर अन्न थुपारेर महँगीमा बेच्ने कुलाक र कालाबजारियाहरूको उपद्रलाई तह लगाइयो । १९३० पुँजीवादी संसार आर्थिक सङ्कटको मार भोग्दै थियो, करोडौँ मजदुरहरू बेकार भएर उत्पादनमा धेरै ठुलो ऱ्हास हुन थाल्यो । यता रुसमा वर्षको ५० हजार ट्याक्टरहरूको निर्माण हुन थाल्यो र त्यसअनुसार खेती र उद्योगमा पनि प्रगति हुँदै थियो । २ मार्च १९३० मा केन्द्रीय समितिको निर्णयअनुसार स्तालिनले उत्ताउलाहरूलाई तह लगाउन 'सफलताबाट मात्तिनु हुन्न' शीर्षकमा एक लेख लेख्नुभयो । कार्यकर्तालाई उहाँले शिक्षा दिनुभयो, "नेतृत्वको कला एक गम्भीर कुरा हो । आन्दोलनमा पछि पर्नाले जनतासँगको सम्बन्ध गुम्छ र जनताभन्दा बढी अगाडि बढ्नाले आफू एक्लिन्छ । आन्दोलन अगाडि बढाउन चाहनेले सधैँ व्यापक जनतासँग सम्बन्ध गाँसी राख्नुपर्छ र पछाडि पर्ने र धेरै अगाडि बढ्ने दुवै थरीसँग भिडन्त गर्नुपर्छ ।"

२६ जून १,९३० मा पार्टीको सोऱ्हौँ महाधिवेशनमा स्तालिनले भन्नुभयो, "हाम्रो आफ्नो देश खेतीवाल देशबाट औद्योगिक देश बन्ने सङ्घारमा छ ।" पहिलो पाँचवर्षे योजना ४ वर्ष ३ महिनामा पूरा भयो । १९३४ जनवरी महिनामा भएको पार्टीको १७ औँ महाधिवेशनमा स्तालिनले रिपोर्ट दिनुभयो, "खेतीप्रधान देश अब औद्योगिक देश बन्यो । एक अनपढ, अज्ञानी र असंस्कृत देशबाट ऊ शिक्षित र सुसंस्कृत देश बन्यो । देशमा उच्च माध्यमिक र प्राथमिक स्कूलहरूको एक जाल फैलिएको छ ।" ९१ प्रतिशत उद्योग र ९० प्रतिशत खेती समाजवादमा फेरियो ।

### आकाशमा युद्धको धुवाँ

१९३७ मा पुँजीवादी देशलाई आर्थिक सङ्कटले फेरि चपेटा हान्यो । अमेरिकामा मात्रै डेढ करोड मजदुर बेकार भए । त्यसले पुँजीवादी संसारमा मजदुर आन्दोलन चर्किन थाल्यो । सङ्कटबाट जोगिन पुँजीवादी देशहरूले मजदुर आन्दोलन दबाउन थाले र उपनिवेशहरूमा लुटपाट सुरु गरे । जर्मनी, जापान र इटाली एक भए । १९३५ मा इटालीले अविसिनिया (इथोपिया) कब्जा गऱ्यो र युरोपदेखि भारत पुग्ने समुद्रका बाटाहरूमा हमला गऱ्यो ।

जर्मनीले जर्मन जाति भएको देश अस्ट्रिया र चेकोस्लाभाकियामाथि हमला गऱ्यो । कम्युनिस्ट दबाउने निहुँ राखेर १९३९ मा जर्मनी र इटालीले स्पेनको दक्षिणी भागमा आफ्नो पल्टन उताऱ्यो । १९३९ मा जापानले चीनको पेइचिङ, साङ्घाई, तेनसिन कब्जा गऱ्यो । त्यसले अमेरिका र बेलायतको बजार कब्जा गरिए जतिकै थियो । पुँजीवादी देश आपसमा काटाकाट भइरहँदा १ अप्रिल १९३७ सम्ममा रुसले आफ्नो दोस्रो पाँचवर्षे योजना ४ वर्ष ३ महिनामा पूरा गऱ्यो । १९२९ को तुलनामा औद्योगिक उत्पादनमा ४२८ प्रतिशत बढ्यो, युद्धभन्दा पहिलेको हिसाबबाट ७ सय प्रतिशतको वृद्धि थियो । खाद्यान्नमा पनि ठुलो वृद्धि भयो । १९१३ मा खाद्यान्न ४ अरब ८० करोड पुग्यो र १९३७ मा ६ अरब ८० करोड पुग्यो । मजदुरहरूको तलब १९३३ मा ३४ रुबल थियो भने १९३७ मा ८१ रुबल पुग्यो । १९१४ मा ८० लाखमात्र विद्यार्थीहरू पढ्थे, सरकारले अनिवार्य शिक्षा लागु गरेको हुनाले १९३७ सम्म विद्यार्थीहरूको सङ्ख्या २ करोड ८० लाख पुग्यो ।

पुँजीपति र कुलाकवर्ग दबिसकेको थियो, वर्ग शक्तिको सम्बन्ध फेरिसकेको थियो । खेती र उद्योगमा समाजवाद लागु भइसकेको हुनाले १९२४ मा बनाइएको संविधानमा हेरफेर ल्याउनु आवश्यक थियो । यसकारण, १९३६ नोभेम्बर मा सोभियतहरूको समाजवादी गणतन्त्र सङ्घको आठौँ महाधिवेशनले नयाँ संविधान स्वीकार गऱ्यो । संविधानले सोभियत समाजवादी गणतन्त्र सङ्घलाई मजदुर र किसानहरूको 'समाजवादी' राज्य घोषणा गऱ्यो । समाजवादी समाजलाई साम्यवादी समाजमा फेर्नु नै संविधानको उद्देश्य थियो । त्यसलाई 'स्तालिन संविधान' पनि भन्ने चलन छ । समाजवादी निर्माणले देश अगाडि बढ्दै थियो । तर, विरोधीहरू षड्यन्त्रमा लागिरहेका थिए । १ डिसेम्बर, १९३४ को दिन पार्टीका एक ठुला नेता किरोवलाई गोली हानेर मारिदिएका थिए । सर्वोच्च न्यायालयको सैनिक अदालतले अपराधीहरूलाई गोली हानेर मार्ने फैसला गर्यो । जाँचबुझको सिलसिलामा १९३७ मा त्रोत्स्की, जिनोबियव, कामेनेव, बुखारिन, राइकोव आदि मिलेर उक्रेन, बेलोरूसिया कब्जा गर्ने र देशको समुद्री इलाका विदेशी शत्रुको हातमा पार्ने षड्यन्त्र गरेको र गुप्त कुरा बताएको पत्ता लाग्यो । सोभियत अदालतले बुखारिन र वात्स्की गुटका मुख्य मुख्य सदस्यहरूलाई गोली हानेर मार्ने सजाय दियो ।



१२ डिसेम्बर १९३७ को दिन नयाँ संविधानअनुसार सर्वोच्च सोभियतको चुनाव भयो र स्तालिन सबभन्दा बढी मतले विजयी हुनुभयो । सोभियत जनता लेनिन र स्तालिनको झन्डाको चारैतिर एक भए । सर्वहारा हुकुमलाई अझ व्यवस्थित र सफलतापूर्वक अगाडि बढाउन र नयाँ कार्यकर्ताहरूलाई बोल्सेविक सिद्धान्त वा लेनिनवादको सिलसिलेवार ज्ञान दिन १९३७ मा स्तालिनले 'सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्शेविक) को इतिहास' लेख्नुभयो । त्यसमा द्वन्द्वात्मक-भौतिकवादको राम्रो व्याख्या हुनुको साथै रुसी मजदुर आन्दोलनमा देखापरेका नरोदनिकवाद, अर्थवाद, कानुनी मार्क्सवाद, मेन्सेविकवाद, त्रोत्स्कीवाद, बुखारिनवाद, जिनोवियववाद आदि खोटा विचारहरू र विरामहरूलाई छर्लङ्ग्याइ दिनुभयो । मार्क्सवादी साहित्यमा यो साऱ्है महत्त्वपूर्ण र नाउँ चलेको किताब हो ।

१९३९ मार्च महिनामा पार्टीको अठारौँ महाधिवेशनमा स्तालिनले अन्तर्राष्ट्रिय परिस्थितिबारे महत्त्वपूर्ण व्याख्या गर्नुभयो । पूर्वमा जापानले चीनको तिनसिन, साङ्घाई र क्यान्टन कब्जा गरिसकेको थियो । पश्चिममा इटालीले अबिसिनियादेखि जिब्राल्टरसम्म ५० करोड जनता युद्धमा मुछिसकेको थियो । तर, बेलायत, फ्रान्स र संरा अमेरिका तटस्थताको स्वाङ गर्दै थियो र बेलायत र फ्रान्स जर्मनीसँग मिलेर युद्धलाई पूर्वतिर अर्थात् रुसतिर मोड्न चाहन्थे ।

स्तालिनको नेतृत्वमा सोभियत सङ्घले युद्धलाई रोक्न फ्रान्स र बेलायतसँग 'सामूहिक सुरक्षा नीति' अगाडि बढाउने प्रस्ताव राख्यो । बेलायत र फ्रान्सले त्यस प्रस्तावलाई स्वीकार गरेनन् र अहस्तक्षेपको नीति लिए । त्यसले हिटलर झन् उत्साहित भएर १९३९ मार्चमा चेकोस्लाभाकिया कब्जा गर्यो, मईमा जापानले जनवादी गणतन्त्र मङ्गोलिया कब्जा गर्यो । तर, लालसेनाले जापानी सेनालाई खालकिनगोल भन्ने ठाउँमा हराइदियो । शान्ति कायम गर्न स्तालिनले अगस्तमा जर्मनीसँग आक्रमण नगर्ने सन्धि गर्नुभयो । उहाँले शरद्मा युक्रेन र पश्चिमी बेलोरसियाका जनतालाई पोलियाली जमिनदारहरूको पञ्जाबाट मुक्त गरी दिनुभयो ।

२० डिसेम्बर, १९३९ को दिन स्तालिन ६० वर्ष पुग्नुभयो । त्यस सुअवसरमा संसारका सबै शान्तिप्रिय, मुक्ति र स्वतन्त्रता सङ्ग्राममा लागेका जनताले शुभकामना व्यक्त गरे । चिनियाँ जनताका महान् नेता माओ त्सेतुङले जापानी आक्रमणको विरोधमा सङ्घर्ष गर्दा गर्दै भन्नुभयो, "स्तालिनलाई शुभकामना दिनुको अर्थ उहाँ र उहाँको उद्देश्यलाई समर्थन गर्नु हो, समाजवाद र मानव जातिको निम्ति उहाँले देखाइरहनुभएको बाटोलाई समर्थन गर्नु हो । यसको अर्थ एक साथीलाई समर्थन गर्नु हो ।" १९४० अगस्टमा स्तालिनले बाल्टिक गणतन्त्रहरू लिथुनिया, लातभिया र इस्टोनियालाई सोभियत सङ्घमै सङ्गठित गर्नुभयो । उहाँले देशको रक्षा शक्तिलाई बलियो पार्दै जानुभयो र ६ मई १९४१ को दिन सर्वोच्च सोभियतको अध्यक्ष मण्डलको निर्णयअनुसार स्तालिन सोभियत सङ्घको मन्त्रिपरिषद्को अध्यक्ष चुनिनुभयो ।

### दोस्रो विश्व युद्ध र आक्रामकहरूको हार

आपसमा आक्रमण नगर्ने सन्धिलाई भङ्ग गरेर २२ जून, १९४१ को दिन हिटलरी जर्मनले रुसमाथि अचानक धावा बोल्यो; १० दिनभित्र लिथुआनिया, लातभिया, बेलोरसिया र युक्रेनको पश्चिमी भाग कब्जा गर्यो । ३० जूनको दिन सर्वोच्च सोभियतको अध्यक्षमण्डल, पार्टीको केन्द्रीय समिति र मन्त्रिपरिषद्को बैठकले सर्वशक्ति सम्पन्न 'राज्य सुरक्षा समिति' गठन गऱ्यो । स्तालिन त्यसको अध्यक्ष मनोनीत गरिनुभयो । हजारौँ टैङ्क हवाईजहाजहरूले सुसज्जित १७० डिभिजन आक्रमक सेनाको हमलाबाट आफ्नो देशलाई जोगाउन ३ जुलाई १९४१ को दिन स्तालिनले सोभियत जनता, लालसेना र जलसेनालाई बहादुरीपूर्वक लड्न रेडियोबाट आह्वान गर्नुभयो । उहाँले हिटलरको विरोधमा अरु पीडित देशका जनतासँग संयुक्त मोर्चा हुने भविष्यवाणी गर्नुभयो । १२ जुलाईको दिन जर्मनविरोधी लडाइँमा मिलेर लड्न बेलायत र रुसको बिचमा एक सम्झौता भयो । ११ जुलाईको दिन स्तालिन जनरक्षाको सर्वोच्च सेनानायक चुनिनुभयो ।

हिटलर मस्को र लेनिनग्राड जबरजस्ती कब्जा गर्न चाहन्थ्यो । रुसी जनताको निम्ति यो एक हाँक र नैतिक प्रश्न थियो । स्तालिनको निर्देशनमा सोभियत जनता सारा नगर र गाउँले इलाकामा स्वयम्सेवक र गुरिल्ला दलमा सङ्गठित हुन थाले । १९४२ जूनमा संरा अमेरिकाले पनि आक्रमणविरोधी लडाइँ लड्न रुससँग एक सम्झौता गऱ्यो । इटाली र जर्मनीको विरोधमा बेलायत, रुस र संरा अमेरिका एक भए । ७ नोभेम्बर १९४२ मा स्तालिनले भन्नुभयो, "शत्रुले लालसेनाको प्रहार सहने दिन टाढा छैन, हाम्रो पनि पालो आउँदै छ ।" लाखौँ लाख मजदुरहरू र सहकारी खेतीका किसानहरूले हातहतियार र अन्न उत्पादन गरेर सेनालाई मद्दत गरे । स्तालिनको आदेश पाएर लालसेनाले स्तालिनग्राडमा धावा बोल्यो र ३ लाख जर्मनी सेना घेरामा पाऱ्यो । लालसेनाको आश्चर्यजनक विजयले जर्मनीको हार सुरु भयो ।

संसारका मजदुर आन्दोलनको सङ्घ 'तेस्रो अन्तर्राष्ट्रिय' ले विश्वव्यापी सर्वहारा आन्दोलनलाई अगाडि बढाउन ठुलो योगदान गर्दै थियो । त्यसले आफ्नो ऐतिहासिक काम पूरा गरिसकेको हुनाले अन्तर्राष्ट्रिय कार्य समितिको अध्यक्षमण्डलको निर्णयअनुसार १९४३ मईमा अन्तर्राष्ट्रिय मजदुर आन्दोलनको केन्द्रको रूपमा त्यसलाई स्तालिनले विघटन गर्नुभयो ।

स्तालिनको नेतृत्वमा लाल सेनाले एकपछि अर्को विजय पाउँदै गयो । लाल सेनाले उत्तरी अफ्रिका र इटालीसँगको सङ्घर्षमा मित्र शक्तिलाई मद्दत गर्यो । मित्र शक्तिले जर्मनीको लडाइँसम्बन्धी औद्योगिक केन्द्रहरूमाथि बम वर्षा गर्यो । त्यसले जर्मनीको मुख्य मित्र इटाली सैनिक र राजनैतिकरूपले खतम भयो र १९४३ सेप्टेम्बरमा इटालीले बिनासर्त आत्मसमर्पण गऱ्यो । यसले हिटलर एक्लिए । १९४३ नोभेम्बरमा इरानको राजधानी तेहरानमा स्तालिनले संरा अमेरिकाको राष्ट्रपति र बेलायतको प्रधानमन्त्री भेट्नुभयो र जर्मनीको विरोधमा संयुक्तरूपले लड्ने निर्णय गराउनुभयो । यस भेटघाटले आपसमा लडाउने शत्रुको जालझेल ध्वस्त भयो । १९४३ को डिसेम्बरमा स्तालिन आफैँ ज्यासल र कारखानाहरूमा जानु भई मजदुरहरूको काम गर्ने भावनालाई उत्साहित गर्नुभयो । युद्धको बेलामै पूर्वी इलाकामा २,२५० भन्दा बढी नयाँ नयाँ कारखानाहरूको निर्माण गरियो र उत्पादन कार्य चालु राखियो । सोभियत सेनाले स्तालिनको रणनीतिअनुसार १० पटक हमला गरेर रुसको भूमिलाई मुक्त गर्यो र १९४४ मा रुमानिया, फिनल्यान्ड र बुलगेरियामा धावा बोल्यो र आत्म-समर्पण गरायो । तिनीहरूले पनि आफ्नो पहिलो मित्र जर्मनीमाथि हमला गरे । हङ्गेरी घुँडा टेक्ने अवस्थामा पुग्यो । अब जर्मनी एक्लो भयो । जुलाईमा बेलायत र मित्र सेनाले जर्मनीको कब्जामा रहेको उत्तरी फ्रान्समा धावा सुरु गर्यो, जर्मनी बिचमा पर्यो । १९४४ जुलाईसम्ममा लालसेनाले आफ्नो भूमिलाई मुक्त गर्यो । रुसी इलाकामा ८० लाख जर्मनी आक्रमक सेना मारिए, एक लाख ६० हजार तोप र ६२ हजार हवाईजहाज र ५५ हजार टैङ्क ध्वस्त भयो वा सोभियत सेनाले कब्जा गर्यो ।

१९४५ फेब्रुअरीमा रुस, संरा अमेरिका र बेलायतका नेताहरूको सम्मेलन क्रिमियामा भयो । स्तालिनले त्यस सम्मेलनमा भाग लिनुभयो र पूर्व, पश्चिम, उत्तर र दक्षिण चारैतिरबाट शत्रुमाथि धावा बोल्ने टुङ्गोमा पुऱ्याइदिनुभयो । सम्मेलनको निर्णयअनुसार लालसेनाले जापानमाथि धावा बोल्यो, जनवरी र फेब्रुअरीमा लालसेनाले पोल्यान्ड र चेकोस्लाभाकियालाई मुक्त गऱ्यो र हङ्गेरीमाथि प्रहार गऱ्यो । २३ फेब्रुअरी १९४५ को दिन लालसेनाको २७ औँ वर्ष दिन थियो । त्यस सुअवसरमा स्तालिनले भन्नुभयो, "जर्मनीमाथि अन्तिम विजय नजिकिँदै छ ।" लालसेनाले अस्ट्रियाको राजधानी मियना कब्जा गऱ्यो; पूर्वी प्रशियासँग अलग्ग गरिदियो र जर्मनीको औद्योगिक इलाका, सिलेसिया कब्जा गर्यो । स्तालिनले आह्वान गर्नुभयो, "बलिनमा झन्डा गाड्यो ।" २ मई १९४५ को दिन लालसेनाले बर्लिन कब्जा गऱ्यो र विजयको रातो झन्डा गाड्यो । ८ मई १९४५ को दिन जर्मनीको माथिल्लो कमानले बिनासर्त घुँडा टेक्यो । ९ मई १९४५ को दिनलाई सोभियत जनताको महान् देशभक्तिपूर्ण युद्धको विजयको दिन घोषणा गरियो । त्यस ऐतिहासिक दिनमा स्तालिनले जर्मनी साम्राज्यवादमाथि रुसी जनताको विजयमा आफ्ना प्यारा देशवासीहरूलाई बधाई दिनुभयो । जर्मनीको आक्रमणले गर्दा १७ सय रुसी नगर र बस्ती ध्वस्त भयो, ७० हजार गाउँ धुलो भयो, ३२ हजार कलकारखाना नास भयो, ६५ हजार किलोमिटर रेलको बाटो बिग्रियो, १ लाखभन्दा बढी सामूहिक खेती र मेसिन, ट्रयाक्टर राख्ने गोदामहरू लुटियो । हजारौँ स्कूल, कलेज, अस्पताल माटो भयो र २ करोड ५० लाख जनता घरबारविहीन भए ।

रुस, संरा अमेरिका र बेलायतको त्रिपक्षीय सम्मेलनमा भाग लिन स्तालिन १६ जुलाईको दिन बर्लिन पुग्नुभयो । १७ जुलाईदेखि २ अगस्तसम्म भएको सम्मेलनले जर्मनी, अस्ट्रिया र पोल्यान्डबारे छलफल गऱ्यो । जापानले आत्मसमर्पण गरिसकेको थिएन । उसले चीनसहित सारा पूर्वी एसियामा कब्जा जमाइराखेको थियो । चीन, कोरिया, भियतनाम, लावस, कम्बोडिया, इन्डोनेसिया, मलाया, थाइल्यान्ड, बर्मा, भारत आदि सम्पूर्ण पूर्वी एसियाली देशका जनता जापानी साम्राज्यवादको विरोधमा सङ्घर्ष गर्दै थिए । ती मुक्ति आन्दोलनले विजय पाउँदै गइरहेको थियो । त्यस क्रान्तिकारी परिरिस्थिति देखेर संरा अमेरिका तर्सन लाग्यो र युद्धलाई आफ्नो पक्षमा फेर्न उसले ६ अगस्त १९४५ को दिन जापानको हिरोसिमा र नागासाकीमा एटम बम खसालेर हजारौँ जनताको हत्या गरिदियो र लाखौँ जनतालाई घाइते तुल्यायो । संरा अमेरिकाको यो एक अपराध थियो । २ सेप्टेम्बर १९४५ मा जापानी साम्राज्यवादले आत्मसमर्पण गऱ्यो ।

# प्रजग कोरियाको आणविक पनडुब्बीमा प्रगति




सियोल, १० पुस (एपी)। प्रजातान्त्रिक जन गणतन्त्र (प्रजग) कोरियाले आणविक-सञ्चालित पनडुब्बी निर्माणमा उल्लेखनीय प्रगति गरेको सङ्केत दिएको छ। राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा धेरै हदसम्म पूरा भएको पनडुब्बीको बाहिरी संरचना देखिन्छ। यस क्रममा नेता किम जोङ उनले दक्षिण कोरियाले यस्तै प्रविधि हासिल गर्न दबाब दिइरहेको भन्दै कडा आलोचना गर्नुभएको छ।

प्रजग कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार किमले आठ हजार ७०० टन क्षमताको आणविक-प्रोपेल्ड पनडुब्बी निर्माण भइरहेको एक शिपयार्डको निरीक्षण गर्नुभएको हो। उहाँले यस पनडुब्बीलाई उत्तर कोरियाली नौसेनाको आधुनिकीकरण र आणविक प्रतिरोध क्षमताका लागि अत्यन्तै महत्त्वपूर्ण कदमका रूपमा वर्णन गर्नुभयो। उत्तर कोरियाले यसलाई 'रणनीतिक निर्देशित मिसाइल पनडुब्बी' वा 'रणनीतिक आणविक आक्रमण पनडुब्बी' भन्दै भविष्यमा आणविक हतियारले सुसज्जित गर्ने योजना रहेको सङ्केत दिएको छ।

निरीक्षणका क्रममा उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा दक्षिण कोरियाले आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै त्यसलाई उत्तर कोरियाको सुरक्षा र समुद्री सार्वभौमिकतामाथिको 'आक्रामक कार्य' भन्नुभयो। उहाँका अनुसार यस्ता योजनाले प्रजग कोरियालाई आफ्नो नौसेना र आणविक प्रतिरोध क्षमता अझ सशक्त बनाउन बाध्य बनाएको छ।

राज्य मिडियाले किमले कहिले शिपयार्ड भ्रमण गर्नुभएको हो भन्ने स्पष्ट नगरे पनि सार्वजनिक तस्बिरहरूमा उहाँले वरिष्ठ अधिकारीहरू र आफ्नी छोरीसँगै विशाल जहाजको निरीक्षण गरिरहेको देखिन्छ। मार्चपछि पहिलोपटक पनडुब्बीको स्पष्ट तस्बिर सार्वजनिक गरिएको हो।

पनडुब्बी कहिले पूर्ण रूपमा तयार हुन्छ भन्ने खुल्न नसके पनि दक्षिण कोरियाका विज्ञहरूका अनुसार बाहिरी संरचना लगभग तयार देखिनु भनेको इन्जिन र सम्भावित रियाक्टर जस्ता मुख्य प्रणालीहरू भित्रै जडान भइसकेको सङ्केत हुन सक्छ। हानयाङ विश्वविद्यालयका पनडुब्बी विशेषज्ञ मुन केउन-सिकका अनुसार यो जहाज केही महिनाभित्र समुद्र परीक्षणमा जान सक्ने सम्भावना छ।

आणविक-सञ्चालित पनडुब्बी किमले सन् २०२१ मा घोषणा गर्नुभएको दीर्घकालीन सैन्य लक्ष्यहरूमध्ये एक हो। यस सूचीमा ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालिस्टिक मिसाइल, हाइपरसोनिक हतियार, जासुसी उपग्रह र बहुवारहेड मिसाइलहरू पनि समावेश थिए, जसमध्ये केहीमा प्रजग कोरियाले पहिले नै प्रगति गरिसकेको छ।

यसैबिच, दक्षिण कोरियाले पनि आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास अघि बढाएको छ। राष्ट्रपति ली जे म्युङले अमेरिकी समर्थनको माग गर्नुभएको छ भने राष्ट्रपति ट्रम्पले सैद्धान्तिक रूपमा प्रविधि साझेदारीका लागि खुलापन देखाएका छन्।

प्रजग कोरियाले हालै नयाँ एन्टी-एयर मिसाइल परीक्षण गरेको र पूर्वी तटबाट थुप्रै मिसाइल प्रक्षेपण गरिएको दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन्। रुस-युक्रेन युद्धपछि प्रजग कोरियाले आफ्नो सैन्य र आणविक कार्यक्रम तीव्र बनाउँदै जाँदा कोरियाली प्रायःद्वीपमा तनाव थप बढेको छ।

# चीन-भारत सम्बन्धलाई फुट गराउने उद्देश्यबाट प्रेरित अमेरिकी पेन्टागनको पछिल्लो प्रतिवेदन

पेइचिङ, १० पुस (सीआरआई)। डिसेम्बर २५ तारिखमा चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता लिन च्यानले नियमित पत्रकार सम्मेलन गर्नुभएको छ। अमेरिकी पेन्टागनको पछिल्लो प्रतिवेदनले चीन भारत सम्बन्धबारे पत्रकारद्वारा सोधिएका प्रश्नको जवाफ दिँदै प्रवक्ता लिन च्यानले अमेरिकाको त्यस प्रतिवेदनले चीनको राष्ट्रिय प्रतिरक्षात्मक नीतिलाई बङ्ग्याएर चीन तथा अरू मुलुक बीचको सम्बन्धलाई फुट गराउने गरी आफ्नो सैन्य प्रभुत्वलाई कायम राख्नका लागि निहुँ खोजेको औँल्याउनुभएको छ। चीनले त्यसको कडा विरोध गर्नुका साथै रणनीतिक उचाई र दीर्घ दृष्टिबाट चीन भारत सम्बन्धको व्यवहार गर्दै जाने कुरामा पनि प्रवक्ता लिन च्यानले जोड दिनुभएको छ।

# अवामी लिग चुनावबाहिर

ढाका, १० पुस (एएनआई)। बङ्गलादेशको अन्तरिम सरकारका मुख्य सल्लाहकारका प्रेस सचिव शफीकुल आलमले बङ्गलादेश अवामी लिगले आगामी वर्ष फेब्रुअरीमा हुने राष्ट्रिय संसदीय निर्वाचनमा सहभागी हुन नपाउने स्पष्ट गर्नुभएको छ। उहाँका अनुसार पार्टीमाथि लगाइएको राजनीतिक गतिविधि प्रतिबन्ध र निर्वाचन आयोगद्वारा दर्ता रद्द गरिएकाले अवामी लिगको चुनावी सहभागिता सम्भव छैन।

बुधबार राजधानी ढाकास्थित फरेन सर्भिस एकेडेमीमा अन्तरिम सरकारको सल्लाहकार परिषद्को बैठकपछि आयोजित पत्रकार सम्मेलनमा आलमले सरकारको निर्णयबारे जानकारी दिनुभयो। यस क्रममा अवामी लिगमाथि लगाइएको प्रतिबन्धप्रति चिन्ता व्यक्त गर्दै पाँच अमेरिकी सांसदले मुख्य सल्लाहकारलाई पठाएको पत्रबारे सोधिएको प्रश्नको जवाफमा उहाँले आफूले उक्त पत्र नदेखेको तर सरकारको अडान स्पष्ट रहेकोमा जोड दिनुभयो।

"अवामी लिगका गतिविधिमा प्रतिबन्ध लगाइएको छ र निर्वाचन आयोगले पार्टीको दर्ता रद्द गरिसकेको छ। त्यसैले अवामी लिगले आगामी निर्वाचनमा भाग लिन सक्ने छैन", उहाँले भन्नुभयो।

यस वर्ष मे महिनामा अन्तरिम सरकारले बङ्गलादेश अवामी लिग र यसका सम्बद्ध तथा भ्रातृ सङ्गठनहरूको सम्पूर्ण गतिविधिमा प्रतिबन्ध लगाउने राजपत्र अधिसूचना जारी गरेको थियो। अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणमा मुद्दा टुङ्गो नलागेसम्म प्रतिबन्ध कायम रहने उक्त निर्णय गृह मन्त्रालयअन्तर्गत सार्वजनिक सुरक्षा विभागले आतङ्कवाद विरोधी (संशोधन) अध्यादेशअनुसार लिएको हो।

गत वर्ष जुलाईमा विद्यार्थी नेतृत्वको विद्रोहपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको सरकार अपदस्थ भएको करिब एक वर्षपछि बङ्गलादेश फेब्रुअरी २०२६ मा राष्ट्रिय निर्वाचनतर्फ अग्रसर भइरहेको छ। तर पूर्वप्रधानमन्त्री शेख हसिनाले अवामी लिगविनाको चुनावलाई 'चुनाव नभई राज्याभिषेक' को संज्ञा दिनुभएको छ।

उहाँले भन्नुभएको छ, "अवामी लिगबिनाको चुनाव चुनाव होइन। जनताको मतविना शासन गरिरहेका युनुसले लोकप्रिय जनादेशबाट पटक-पटक निर्वाचित पार्टीलाई प्रतिबन्ध लगाउन खोजिरहनुभएको छ।" उहाँका अनुसार अवामी लिगमाथिको प्रतिबन्ध कायम रहे लाखौं मतदाता प्रभावकारी रूपमा मताधिकारबाट वञ्चित हुनेछन् र त्यस्तो प्रक्रियाबाट बन्ने कुनै पनि सरकार नैतिक वैधताविहीन हुनेछ।

राजनीतिक तनाव चुलिँदै गएको अवस्थामा बङ्गलादेशले फेब्रुअरी २०२६ मा हुने निर्वाचनलाई निर्णायक मोडका रूपमा हेरिरहेको छ।

# चीनमा पार्टीको शिष्टाचार निर्माण र भ्रष्टाचारविरोधी कार्यसम्बन्धी सम्मेलन आयोजना




पेइचिङ, १० पुस। चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रिय समितिको राजनीतिक अनुसार ब्युरोले डिसेम्बर २५ तारिखमा केन्द्रीय अनुशासन निरीक्षण आयोगको राष्ट्रिय पर्यवेक्षक आयोगको कार्य प्रतिवेदन सुन्न र सन् २०२६ मा पार्टीको शिष्टाचार निर्माण र भ्रष्टाचारविरोधी कार्यसम्बन्धी अध्ययन र कार्यान्वयन गर्न एक सम्मेलनको आयोजना गरेको छ। चिनियाँ कम्युनिस्ट पार्टीका केन्द्रीय समितिका महासचिव सी चिनफिङले सो सम्मेलनमा अध्यक्षता गर्नुभएको छ।

सो सम्मेलनमा सन् २०२५ मा कामरेड सी चिनफिङलाई केन्द्रमा राखेर पार्टी केन्द्रीय समितिको बलियो नेतृत्वमा, केन्द्रीय अनुशासन निरीक्षण आयोगको राष्ट्रिय पर्यवेक्षक समिति र सबै तहका अनुशासन निरीक्षण तथा पर्यवेक्षण अङ्गहरूले नयाँ युगमा सी चिनफिङको चिनियाँ विशेषतायुक्त समाजवादी विचारधारालाई गहिरो रूपमा अध्ययन गरेका छन्। विशेषगरी महासचिव सी चिनफिङको पार्टीको निर्माणबारेको महत्त्वपूर्ण विचारधारा, पार्टीको आफ्नो सुधार र क्रान्तिबारेको महत्त्वपूर्ण विचारधारा पछ्याउँदै पार्टी शैली र शिष्टाचारको निर्माण र भ्रष्टाचार विरोधी कार्यलाई निरन्तरताका साथ प्रवर्द्धन, 'दुई मर्मत' को केन्द्रमा राजनीतिक निरीक्षण सुदृढ पार्ने, चिनियाँ केन्द्रिय आठवटा नियमको भावनाको गहिरो कार्यान्वयन गर्न अध्ययन र सिकाइको कार्य दृढताका साथ गरिएको छ। उच्च दबाबको भ्रष्टाचारविरोधी कार्य कायम राख्ने, भ्रष्टाचारको अनुसन्धान र उपचारलाई गहिरो रूपमा प्रवर्द्धन गर्ने, जनता वरिपरिको खराब शैली र भ्रष्टाचार समस्याहरूलाई दृढताका साथ सुधार गर्ने र चीनको प्रान्त, क्षेत्र तथा शहरहरूलाई पूर्ण रूपमा समेटेर निरीक्षण गर्ने, पार्टी र राष्ट्रिय पर्यवेक्षण प्रणालीको सुधारलाई प्रवर्द्धन गर्ने, 'अनुशासन निरीक्षण र पर्यवेक्षणको कार्यमा कानूनी शासनको मानकीकरण र औपचारिकीकरणको वर्ष' को गहन कार्यान्वयन गरी अनुशासन निरीक्षण र पर्यवेक्षणको उच्च-गुणस्तरको विकासलाई नयाँ प्रगति र नयाँ परिणामहरू प्राप्त गर्न प्रवर्द्धन गरिएको छ।

सो सम्मेलनमा जोड दिइएको छ कि सन् २०२६ मा सबै तहका अनुशासन निरीक्षण र पर्यवेक्षण अङ्गहरूले नयाँ युगको चिनियाँ विशेषतायुक्त समाजवादी सी चिनफिङको विचारधाराको मार्गदर्शन पालना गर्नुपर्ने, 'दुई स्थापना' को निर्णायक महत्त्वलाई गहिरो रूपमा बुझ्नुपर्ने, 'दुई मर्मत' लाई दृढताका साथ प्राप्त गर्नुपर्ने र आर्थिक सामाजिक विकासले बलियो संरक्षण प्रदान गर्न अझ उच्च मापदण्ड र थप व्यावहारिक उपायहरूसँग पार्टीको व्यापक र कडा शासनलाई प्रवर्द्धन गर्नुपर्ने छ।

सो सम्मेलनअघि, महासचिव सी चिनफिङले चिनियाँ केन्द्रिय समितिको राजनीतिक व्यूरोको स्थायी सदस्यको सम्मेलनको अध्यक्षता गर्नुभएको थियो र केन्द्रीय अनुशासन निरीक्षण आयोगको राष्ट्रिय पर्यवेक्षक आयोगको काम र २० औं केन्द्रीय अनुशासन निरीक्षण आयोगको पाँचौं पूर्ण बैठकको तयारीको प्रतिवेदन सुन्नुभएको थियो।

सम्मेलनमा जनवरी १२ तारिखदेखि १४ तारिखसम्म २० औं केन्द्रीय अनुशासन निरीक्षण आयोगको पाँचौं पूर्ण बैठक आयोजना गर्ने सहमति पाएको छ।

सो सम्मेलनमा अन्य मामिला सम्बन्धमा पनि अध्ययन भएका छन्।

यसैबिच चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोले डिसेम्बर २५ तारिख एउटा बैठकको आयोजना गर्दै आगामी वर्षको जनवरी १२ देखि १४ तारिखसम्म २० औं केन्द्रीय अनुशासन आयोगको पाँचौं पूर्ण बैठकको आयोजना गर्ने निर्णय गरेको छ।

# १७ वर्षपछि तारिक रहमानको स्वदेश फिर्ती

ढाका, १० पुस (एएनआई)। सत्र वर्ष लामो निर्वासनपछि बङ्गलादेश नेसनालिस्ट पार्टी (बिएनपी) का कार्यवाहक अध्यक्ष तारिक रहमान बिहीबार स्वदेश फर्किनुभएको छ। पूर्व प्रधानमन्त्री शेख हसिनाको सत्ता पतनपछि उहाँको आगमनलाई बङ्गलादेशको राजनीतिमा महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ।

रहमान आफ्नी धर्मपत्नी जुबैदा रहमान र छोरी जाइमा रहमानसँग लन्डनबाट विमान बङ्गलादेश एयरलाइन्सको उडानमार्फत ढाका आइपुग्नुभएको हो। उक्त विमान ढाकाको हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थल पुग्नुअघि सिल्हटमा अवतरण गरेको थियो।

उहाँको स्वागतका लागि विमानस्थल आसपास र ३०० फिट रोड क्षेत्रमा ठूलो सङ्ख्यामा बिएनपी समर्थक तथा कार्यकर्ता भेला भएका थिए। देशका विभिन्न भागबाट आएका समर्थकहरूले क्षेत्रलाई मानौं जनसागरमा परिणत गरेका थिए। पार्टीका वरिष्ठ नेताहरू, स्थायी समितिका सदस्यसहित विमानस्थलमै उहाँलाई स्वागत गर्ने कार्यक्रम तय गरिएको थियो।

भीड व्यवस्थापनका लागि विमानस्थल प्रशासनले २४ घण्टाका लागि आगन्तुक प्रवेशमा प्रतिबन्ध लगाएको थियो। वैध टिकट र पासपोर्ट भएका यात्रुहरूबाहेक अन्यलाई विमानस्थल प्रवेशमा रोक लगाइएको बिडीन्युज२४ ले जनाएको छ।

बङ्गलादेशको अन्तरिम सरकारले पनि रहमानको सुरक्षाका लागि व्यापक तयारी गरेको बताएको छ। अन्तरिम सरकारका मुख्य सल्लाहकारका प्रेस सचिव शफीकुल आलमले सरकार उहाँको स्वदेश फिर्तीलाई स्वागत गर्दै बिएनपीसँग समन्वयमा सुरक्षा व्यवस्था मिलाएको जानकारी दिनुभयो।

ढाका आगमनपछि रहमान ३०० फिट रोड (३६ जुलाई एक्सप्रेसवे) मा आयोजित संक्षिप्त स्वागत कार्यक्रममा सहभागी हुनुभयो। त्यसपछि उहाँ एभरकेयर अस्पताल जानुहुने र पछि गुलसनस्थित आफ्नै निवासमा बसाइँ सर्नुहुने कार्यक्रम रहेको छ।

बिएनपीका अनुसार रहमानले डिसेम्बर २७ मा उम्मेदवारी दर्ता गर्ने योजना बनाउनुभएको छ। यसका लागि निर्वाचन कार्यालयहरू शनिबार पनि खुला रहने जानकारी दिइएको छ।

यसैबिच, फेब्रुअरी १२ मा हुने संसदीय निर्वाचनका लागि बिएनपी नेत्री खालिदा जिया र तारिक रहमानका तर्फबाट बोगुराका विभिन्न निर्वाचन क्षेत्रका लागि नामाङ्कन फारम सङ्कलन भइसकेको बिडीन्युज २४ ले जनाएको छ।

# मुख्यमन्त्री फेरिए, तर मधेस किन फेर्न सकिएन ?

- प्रेमचन्द्र झा

सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक संविधान लागु भएपछि मधेस प्रदेशले धेरैले कल्पना गरेको जस्तो परिवर्तन भोग्न सकेन । सङ्घीयता मधेसका लागि अधिकार, पहिचान र समृद्धिको ढोका खोल्ने ऐतिहासिक अवसर थियो । जनताले आफ्नै प्रदेश सरकारबाट शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग र पूर्वाधार विकासमा ठोस सुधारको अपेक्षा गरेका थिए । तर, संविधान कार्यान्वयनपछिको पहिलो चुनावदेखि हालसम्म आइपुग्दा मधेस प्रदेशको अवस्था हेर्दा प्रश्न उठ्छ; शासन प्रणाली फेरियो, सरकार फेरियो, मुख्यमन्त्री फेरिए, तर मधेस किन फेरिन सकेन ?

सङ्घीयतापछिको पहिलो प्रदेश सरकारदेखि अहिलेसम्म मधेस प्रदेशले करिब आधा दर्जन मुख्यमन्त्री पाइसकेको छ । लालबाबु राउतबाट सुरु भएको यो यात्रा सरोज यादव, सतिशकुमार सिंह, जितेन्द्र सोनल, सरोजकुमार यादव हुँदै हालका मुख्यमन्त्री कृष्णप्रसाद यादवसम्म आइपुगेको छ । नाम, अनुहार र दल फेरिँदै गए तर मधेसको वास्तविक अवस्था भने उही रहिरह्यो । धेरैलाई लाग्न थालेको छ; मधेस अझै पनि मोहन शमशेरकालीन सोच र व्यवस्थाबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन ।

मधेस प्रदेशको शैक्षिक र आर्थिक अवस्था हेर्दा यो धारणा झन् बलियो बन्छ । विश्वको औसत साक्षरता दर करिब ८२ प्रतिशत पुगेको छ भने नेपालको साक्षरता दर पनि ७८ प्रतिशत नाघिसकेको छ । तर मधेस प्रदेशको औसत साक्षरता दर करिब ६६ प्रतिशतमा सीमित छ । यसले मधेस अझै पनि शैक्षिक रूपमा निकै पछाडि रहेको स्पष्ट देखाउँछ । शिक्षा नै विकासको मेरुदण्ड हो भन्ने मान्यता हुँदाहुँदै पनि मधेसमा शिक्षामा अपेक्षित सुधार देखिँदैन ।

आर्थिक अवस्थाको चित्र झनै निराशाजनक छ । विश्वको प्रतिव्यक्ति औसत आयु १० हजार डलरभन्दा माथि पुगेको छ । नेपालको प्रतिव्यक्ति आय करिब १,४८० डलर आसपास छ । तर, मधेस प्रदेशको प्रतिव्यक्ति आय भने हजार डलरभन्दा तल रहेको छ । यसको अर्थ मधेसका धेरै नागरिक अझै गरिबीको दुष्चक्रमा अल्झिएका छन् र आर्थिक अवसरबाट वञ्चित छन् । सङ्घीयताले प्रदेशलाई आफ्नो आर्थिक भविष्य आफैँ बनाउने अधिकार दिएको भए पनि त्यो अधिकार व्यवहारमा रूपान्तरण हुन सकेको छैन ।

यी सबै अवस्थाको केन्द्रमा प्रदेश सरकारको नेतृत्व रहन्छ । प्रदेशको मुखिया अर्थात् मुख्यमन्त्रीले स्पष्ट भिजन, ठूलो सपना र दृढ इच्छाशक्ति बोकेको हुनुपर्छ । मधेसको समृद्धिका लागि दीर्घकालीन योजना बनाउने, कार्यान्वयनमा कठोर हुने र राजनीतिक स्वार्थभन्दा जनताको हितलाई प्राथमिकता दिने नेतृत्वको आवश्यकता थियो । तर, अहिलेसम्म मधेसले पाएका मुख्यमन्त्रीहरूमध्ये कति जनामा यी गुण प्रस्ट देखिए भन्ने प्रश्न गम्भीर छ ।

शिक्षा क्षेत्रमा मधेस प्रदेश अझै पनि संरचनागत समस्याबाट ग्रसित छ । सरकारी विद्यालयहरूको गुणस्तर कमजोर छ, शिक्षक व्यवस्थापन र तालिम प्रभावकारी छैन, अनुगमन प्रणाली कमजोर छ । प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारमा खासै ध्यान पुग्न सकेको छैन । विश्वविद्यालय र उच्च शिक्षाका अवसर सीमित हुँदा मधेसका युवाहरू अध्ययनका लागि अन्य प्रदेश वा विदेश जान बाध्य छन् । शिक्षा सुधारबिना दीर्घकालीन विकास सम्भव हुँदैन भन्ने कुरा बुझ्दा-बुझ्दै पनि प्रदेश सरकारले यसलाई पहिलो प्राथमिकतामा राख्न सकेको देखिँदैन ।

स्वास्थ्य क्षेत्रको अवस्था पनि त्यस्तै छ । मधेसका धेरै जिल्लामा अस्पतालका भवन त छन् तर पर्याप्त चिकित्सक छैनन् । कतै चिकित्सक छन् भने उपकरण छैनन्, कतै बजेट छ भने व्यवस्थापन छैन । सामान्य उपचार त स्थानीय तहमा सम्भव भए पनि गम्भीर बिरामीलाई आज पनि काठमाडौँ वा भारत लैजानुपर्ने बाध्यता छ । यसले गरिब जनताको आर्थिक बोझ झन् बढाएको छ । स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनुपर्ने प्रदेश सरकार र मुख्यमन्त्रीहरूको भूमिका प्रभावकारी देखिन सकेको छैन ।

मधेस प्रदेश कुनै समय उद्योग र व्यापारको केन्द्र मानिन्थ्यो । तर, आज प्रदेशका धेरै ठूला उद्योग बन्द अवस्थामा छन् । जनकपुर चुरोट कारखाना, श्रीराम चिनी कारखँना गरुडा, वीरगञ्ज चिनी कारखाना, वीरगञ्ज कृषि औजार कारखानाजस्ता उद्योगहरू सञ्चालनमा आउन नसक्दा हजारौँ रोजगारी गुमेका छन् । यी उद्योग पुनः सञ्चालनमा ल्याउन सकिएको भए मधेसको आर्थिक अवस्था धेरै हदसम्म सुधारिन सक्थ्यो । तर उद्योग पुनर्जीवनका लागि आवश्यक राजनीतिक इच्छाशक्ति र स्पष्ट नीति प्रदेश सरकारबाट देखिन सकेन ।

कृषि मधेसको सबैभन्दा ठूलो सम्भावना भएको क्षेत्र हो । मधेसलाई नेपालको अन्न भण्डार भनिन्छ । तर, किसानहरू आज पनि मल, सिँचाइ, बीउ, प्रविधि र बजारको अभावमा सङ्घर्ष गरिरहेका छन् । आधुनिक कृषि प्रणाली, एग्रो-इन्डस्ट्रि र कृषि उत्पादनमा आधारित उद्योग विकासमा प्रदेश सरकारले अपेक्षित ध्यान दिन सकेको छैन । किसानको आम्दानी नबढेसम्म मधेसको समग्र आर्थिक अवस्था सुध्रन सक्दैन ।

मधेससँग जोडिएका राष्ट्रिय गौरवका आयोजनाहरूले पनि प्रदेशको भविष्य निर्धारण गर्न सक्छन् । हुलाकी राजमार्ग, निजगढ-काठमाडौँ द्रुत राजमार्ग र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलजस्ता आयोजना मधेसको आर्थिक नक्सा नै परिवर्तन गर्न सक्ने क्षमता राख्छन् । तर यी आयोजनाहरू कछुवा गतिमा अगाडि बढिरहेका छन् । सङ्घ सरकारसँग समन्वय गरेर यी परियोजनालाई गति दिनुपर्ने प्रदेश सरकार र मुख्यमन्त्रीहरूको भूमिका कमजोर देखिन्छ ।

अन्ततः मधेस प्रदेशको समस्या स्रोतको मात्र होइन, नेतृत्वको पनि हो । मधेससँग सम्भावना छ, श्रमशक्ति छ, भूगोल छ, तर अभाव छ– दूरदृष्टि भएको नेतृत्वको । ठूलो सपना देख्ने, स्पष्ट विकास खाका बनाउने र दृढ इच्छाशक्तिका साथ काम गर्ने मुख्यमन्त्रीको आवश्यकता मधेसले आजसम्म महसुस गरिरहेको छ । यदि अब पनि शिक्षा, स्वास्थ्य, उद्योग र रोजगारीलाई प्राथमिकतामा नराख्ने हो भने मधेस अझै लामो समयसम्म पछाडि नै रहनेछ ।

सङ्घीयताले मधेसलाई अवसर दिएको छ तर अवसरलाई उपलब्धिमा रूपान्तरण गर्ने जिम्मेवारी नेतृत्वको काँधमा हुन्छ । अब प्रश्न मधेसको होइन, मधेसको नेतृत्वको हो । जब मधेसले भिजन, साहस र परिणाम दिने नेतृत्व पाउनेछ, तब मात्र मधेसको अनुहार साँच्चै फेरिनेछ । त्यसैले अब मधेसका नागरिकहरू पनि आत्मसमीक्षा गर्ने मोडमा उभिनु आवश्यक छ । सरकार र मुख्यमन्त्रीलाई दोष दिएर मात्र समाधान निस्कँदैन । जनताले कस्तो नेतृत्व रोज्छन्, कस्तो राजनीति स्वीकार गर्छन् र कस्तो सोचलाई प्रोत्साहन गर्छन् भन्ने कुराले पनि मधेसको भविष्य निर्धारण गर्छ । चुनावका बेला पैसा, जात, दबाब वा क्षणिक लाभमा परेर भोट दिने प्रवृत्तिले दीर्घकालीन रूपमा मधेसलाई नै घाटा पुऱ्याउँदै आएको छ । जबसम्म मतदाताले आफ्नो मतको मूल्य बुझ्दैनन्, तबसम्म कमजोर नेतृत्व माथि पुगिरहनेछ ।

मधेसमा राजनीति अझै व्यक्तिकेन्द्रित र गुटगत स्वार्थमा अल्झिएको देखिन्छ । नीति, योजना र परिणामभन्दा पनि सत्ता प्राप्ति र जोगाउने खेल हाबी छ । मुख्यमन्त्रीहरू फेरिँदा पनि प्रशासनिक संरचना उस्तै रहन्छ, प्राथमिकता उस्तै रहन्छ र काम गर्ने शैली पनि उस्तै रहन्छ । यही कारणले सरकार फेरिँदा पनि जनताले अनुभूति गर्ने परिवर्तन शून्यजस्तै हुन्छ । सङ्घीयताको मूल मर्म भनेकै स्थानीय आवश्यकताअनुसार नीति बनाउने र कार्यान्वयन गर्ने हो, तर त्यो मर्म मधेसमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन ।

युवाहरूको अवस्था मधेसको अर्को गम्भीर पीडा हो । शिक्षा र रोजगारीको अवसर नपाउँदा मधेसका हजारौँ युवा खाडी मुलुक, मलेसिया र भारततर्फ रोजगारीको खोजीमा पलायन हुन बाध्य छन् । श्रम बेचेर परिवार पाल्ने बाध्यतामा रहेका यी युवाहरूले आफ्नो क्षमता र ऊर्जा देशमै प्रयोग गर्न पाए मधेसको विकासले फरक गति लिन सक्थ्यो । तर प्रदेश सरकारले युवालाई लक्षित गरेर दीर्घकालीन रोजगारी र उद्यमशीलता कार्यक्रम ल्याउन सकेको देखिँदैन ।

महिला, दलित र सीमान्तकृत समुदायको अवस्था पनि खासै सुधारिएको छैन । सङ्घीयताले समावेशी शासनको कुरा गरे पनि व्यवहारमा पहुँच अझै सीमित वर्गमै केन्द्रित छ । शिक्षा, स्वास्थ्य र रोजगारीमा यी समुदाय अझै पछि परिरहेका छन् । मुख्यमन्त्री र प्रदेश सरकारले नीति निर्माणदेखि कार्यान्वयनसम्म यी समुदायलाई प्राथमिकतामा राख्न नसक्दा सामाजिक असमानता झन् गहिरिँदै गएको छ ।

भ्रष्टाचार मधेस प्रदेशको विकासमा अर्को ठूलो बाधा बनेको छ । बजेट विनियोजनदेखि ठेक्का प्रक्रियासम्म पारदर्शिता कमजोर छ भन्ने गुनासो बारम्बार उठ्दै आएको छ । विकासका नाममा आएको बजेट सही ठाउँमा नपुग्दा योजनाहरू अधुरा रहने, गुणस्तरहीन बन्ने वा कागजमै सीमित हुने अवस्था देखिन्छ । मुख्यमन्त्रीले भ्रष्टाचारविरुद्ध कठोर नीति र उदाहरणीय कदम चाल्न नसक्दा प्रशासनिक बेथिति झन् मौलाउँदै गएको छ ।

अब मधेसलाई चाहिएको राजनीति परिवर्तनको राजनीति हो, केवल सत्ता परिवर्तनको होइन । भाषण र नाराभन्दा माथि उठेर काम गर्ने नेतृत्वको खोजी मधेसले गरिरहेको छ । प्रदेशको विकासका लागि स्पष्ट रोडम्याप, समयसीमा र मापनयोग्य लक्ष्य तय गर्नुपर्ने समय आएको छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र पूर्वाधारलाई प्राथमिकता क्षेत्र घोषणा गरेर दीर्घकालीन नीति बनाउन सकिए मधेसको अवस्था क्रमशः बदलिन सक्छ ।

अहिले मधेस प्रदेश आज जहाँ उभिएको छ, त्यो अवस्था अचानक बनेको होइन । यो दशकौँको उपेक्षा, गलत नीति र कमजोर नेतृत्वको परिणाम हो । सङ्घीयता कुनै जादुको छडी होइन तर सही नेतृत्व पाएमा यो परिवर्तनको बलियो आधार बन्न सक्छ । अब पनि यदि हामीले सपना देख्ने, भिजन बोकेको र दृढ इच्छाशक्ति भएको नेतृत्व रोज्न सकेनौँ भने मधेसको अवस्था फेरिन अझै धेरै समय लाग्नेछ ।

मधेसको भविष्य अब सरकारको मात्र होइन, जनताको हातमा पनि छ । चेतनशील मतदाता, जवाफदेही नेतृत्व र परिणाममुखी राजनीति नै मधेसलाई पछाडिबाट अगाडि ल्याउने एकमात्र बाटो हो । जब यो चेतना व्यवहारमा उतारिन्छ, तब मात्र मधेसले सङ्घीयताको वास्तविक स्वाद पाउनेछ र समृद्ध मधेसको सपना यथार्थमा बदलिनेछ । त्यसैले अब मधेसलाई अगाडि बढाउने बहस केवल आलोचनामा सीमित हुनु हुँदैन, समाधानको दिशामा मोडिनु आवश्यक छ । प्रदेश सरकार, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी वर्ग र सञ्चारमाध्यम सबैले आफ्नो-आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने समय आएको छ । मधेसको समस्या पहिचान भइसकेको छ, अब आवश्यक कुरा त्यो समस्याको समाधानका लागि सामूहिक इच्छाशक्ति हो ।

उद्योग र रोजगारीको सवालमा मधेससँग अपार सम्भावना छ । बन्द अवस्थामा रहेका पुराना उद्योगहरू पुनः सञ्चालन गर्न सार्वजनिक-निजी साझेदारीको मोडेल अपनाउन सकिन्छ । चिनी, कृषि प्रशोधन, कपडा, औजार र खाद्य उद्योग मधेसमै विकास गर्न सकिन्छ । यसले रोजगारी सिर्जना मात्र होइन, प्रदेशको आन्तरिक राजस्व पनि बढाउनेछ । तर यसका लागि नीति स्थायित्व, लगानीमैत्री वातावरण र राजनीतिक प्रतिबद्धता अनिवार्य हुन्छ ।

कृषि क्षेत्रमा परम्परागत खेतीबाट आधुनिक र व्यावसायिक खेतीतर्फ रूपान्तरण गर्नुपर्ने बेला आएको छ । सिँचाइ, बीउ, मल, प्रविधि र बजारलाई एकआपसमा जोड्ने समग्र नीति आवश्यक छ । किसानलाई अनुदान मात्र होइन, सम्मानजनक आम्दानी सुनिश्चित हुने व्यवस्था हुनुपर्छ । कृषि आधारित उद्योग विकास नगरेसम्म मधेसको गरिबी हटाउन सकिँदैन ।

पूर्वाधार विकासमा प्रदेश सरकारले सङ्घ सरकारसँग निरन्तर दबाब र समन्वय गर्नुपर्छ । हुलाकी राजमार्ग, द्रुतमार्ग र अन्तर्राष्ट्रिय विमानस्थल जस्ता आयोजनाहरू मधेसको जीवनरेखा हुन् । यी आयोजनामा ढिलाइ हुनु भनेको मधेसको विकासमा ढिलाइ हुनु हो ।

सबैभन्दा महत्त्वपूर्ण कुरा सुशासन हो । भ्रष्टाचार नियन्त्रणबिना कुनै पनि विकास सम्भव हुँदैन । बजेट खर्चमा पारदर्शिता, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण र कडाइका साथ अनुगमन प्रणाली लागू गर्न सकिए जनताको विश्वास फर्कन सक्छ । मुख्यमन्त्रीले आफैँ उदाहरण प्रस्तुत नगरेसम्म प्रशासन सुधार सम्भव हुँदैन ।

अब मधेसले नेतृत्वसँग प्रश्न गर्नुपर्ने समय आएको छ, तपाईंको सपना के हो ? तपाईंको भिजन के हो ? तपाईंको प्राथमिकता के हो ? केवल कुर्सी जोगाउने राजनीति होइन, परिणाम दिने राजनीति चाहिएको छ । मधेसलाई अब भाषण होइन, काम चाहिएको छ ।

निष्कर्षमा भन्नुपर्दा, मधेस प्रदेश आज परिवर्तनको निर्णायक मोडमा उभिएको छ । विगतका कमजोरीबाट सिकेर अब नयाँ बाटो रोज्न सकिन्छ वा उही पुरानै चक्रमा अल्झिरहन सकिन्छ । सङ्घीयताले दिएको अवसरलाई उपयोग गर्ने कि गुमाउने भन्ने निर्णय आजको नेतृत्व र जनताको हातमा छ । जब मधेसले ठूलो सपना देख्ने, स्पष्ट भिजन बोकेको र दृढ इच्छाशक्ति भएको नेतृत्व पाउनेछ, तब मात्र मधेसको अवस्था फेरिनेछ र समृद्ध मधेसको आकांक्षा साकार हुनेछ । यस सन्दर्भमा सबैभन्दा जरुरी कुरा आत्मनिर्भर सोचको विकास हो । मधेसलाई सधैँ केन्द्रको मुख ताकेर बस्ने प्रदेशको रूपमा राखिरहनु अब आत्मघाती हुनेछ । सङ्घ सरकारसँग अधिकार र स्रोतको माग गर्नु स्वाभाविक हो, तर प्रदेशभित्र उपलब्ध स्रोत, सम्भावना र जनशक्तिको अधिकतम उपयोग गर्ने नीति नबनाई समृद्धि सम्भव छैन ।

मधेस प्रदेशको भौगोलिक अवस्थाले भारतसँगको सीमा व्यापार, कृषि निर्यात र उद्योग विस्तारका ठूलो सम्भावना बोकेको छ । तर सीमावर्ती व्यापार अझै पनि अव्यवस्थित, बिचौलियामैत्री र अपारदर्शी छ । यदि प्रदेश सरकारले स्पष्ट सीमा व्यापार नीति ल्याएर भन्सार, गोदाम, यातायात र बजार व्यवस्थापन सुधार गर्न सके मधेस आर्थिक गतिविधिको केन्द्र बन्न सक्छ । यसमा मुख्यमन्त्रीको नेतृत्वदायी भूमिका निर्णायक हुन्छ ।

सूचना प्रविधि र डिजिटल शासन पनि मधेसको कायाकल्प गर्ने अर्को आधार बन्न सक्छ । प्रदेशका धेरै सेवा अझै पनि कागजी प्रक्रिया, ढिलासुस्ती र पहुँचको अभावमा सीमित छन् । डिजिटल सेवा प्रवाह, अनलाइन अनुमति प्रणाली, ई-गभर्नेन्स र डाटा आधारित योजना निर्माणले प्रशासनिक सुधार ल्याउन सक्छ । यसका लागि राजनीतिक इच्छाशक्ति र दक्ष जनशक्तिको व्यवस्थापन आवश्यक छ ।

शिक्षित मधेसी युवालाई प्रदेशमै रोक्न स्टार्टअप, नवप्रवर्तन र साना उद्यमलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सस्तो ऋण, प्राविधिक सहयोग र बजार पहुँचको व्यवस्था गर्न सके युवाहरू विदेश पलायन हुनुपर्ने अवस्था कम गर्न सकिन्छ । तर यस्तो सोच र नीति हालसम्म प्रदेश सरकारको प्राथमिकतामा परेको देखिँदैन ।

सामाजिक रूपान्तरण पनि मधेसको विकाससँग प्रत्यक्ष जोडिएको विषय हो । बालविवाह, दाइजो प्रथा, छोरी शिक्षामा भेदभाव, अन्धविश्वास र जातीय विभाजनजस्ता समस्याले मानव विकास सूचकांकलाई कमजोर बनाइरहेका छन् ।

सुरक्षा र कानुनी शासन पनि लगानी र विकासका लागि आधारभूत सर्त हुन् । मधेसमा कहिलेकाहीँ देखिने अवैध गतिविधि, तस्करी र आपराधिक सञ्जालले प्रदेशको छवि बिगार्दै आएको छ । शान्ति सुरक्षा सुदृढ नगरी लगानी आकर्षित गर्न सकिँदैन ।

अब मधेसको बहस भावनात्मकभन्दा व्यवहारिक हुनुपर्छ । “मधेस पछाडि पारियो” भन्ने मात्र होइन, “मधेस कसरी अगाडि बढ्छ” भन्ने प्रश्नमा केन्द्रित हुनुपर्ने समय आएको छ । यसको उत्तर नेतृत्वको गुणस्तर, नीति निरन्तरता र जनताको चेतनासँग जोडिएको छ ।

यदि मधेसले अब पनि विगतकै गल्ती दोहोऱ्यायो भने इतिहासले हामीलाई माफ गर्नेछैन । तर यदि आजैबाट इमानदार नेतृत्व, स्पष्ट भिजन र परिणाममुखी राजनीति रोज्यौँ भने मधेसले पनि छिट्टै नयाँ अनुहार पाउनेछ। समृद्ध मधेस कुनै सपना मात्र होइन, सही निर्णय र साहसी नेतृत्व पाए यो सम्भव यथार्थ हो।सन्दर्भमा मधेसका बुद्धिजीवी, शिक्षक, पत्रकार, वकिल, सामाजिक अभियन्ता र युवाको भूमिका झन् महत्त्वपूर्ण बन्छ । राजनीतिक नेतृत्व मात्र परिवर्तनको एकमात्र स्रोत होइन, समाजको चेतना र दबाबले पनि नेतृत्वलाई सही दिशामा हिँड्न बाध्य पार्छ । यदि सचेत वर्ग मौन बसिरह्यो, गलतलाई गलत भन्न डरायो र अवसरवादी राजनीतिसँग सम्झौता गरिरह्यो भने मधेसको अवस्था फेरिने सम्भावना झन् कमजोर हुँदै जान्छ ।

त्यसैगरी स्थानीय तह र प्रदेश सरकारबीचको समन्वय कमजोर हुनु पनि मधेसको विकासमा बाधक बनेको छ । सङ्घीय संरचनामा स्थानीय तह विकासको पहिलो ढोका हुन् । यदि प्रदेश सरकारले स्थानीय तहलाई साझेदारका रूपमा नलिएर केवल नियन्त्रण गर्ने दृष्टिकोण अपनायो भने विकास प्रभावकारी हुँदैन ।

## हार्दिक श्रद्धाञ्जली



जन्म
२०१८/१०/०५

स्वर्गारोहण
२०८२/०८/२८

## स्व. सुदिल मान श्रेष्ठ

अन्तिम सत्य नियतिमा विलीन हुनु भएका हिकमतदार तथा अति मिलनसार मेरा जेठा ज्वाइँ सुदिल मान श्रेष्ठको मिती २०८२/०८/२८ गते आइतबारको दिन असामयिक, अकल्पनीय अवसान भएको आज १३औँ दिनको पुण्य तिथिको यस दुःखद घडीमा उहाँको देहमुक्त आत्माको चिर शान्तिको कामना गर्दै शोकमा रहनु भएका सम्पूर्ण परिवार प्रति हामी हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**चण्डिका राजोपाध्याय**

गौरी राजोपाध्याय
शरद/प्रतिमा राजोपाध्याय
विन्दु श्रेष्ठ
राजेन्द्र राजोपाध्याय
रविन्द्र राजोपाध्याय

रविन्द्र/कविता राजोपाध्याय
बालकृष्ण/सविता राजोपाध्याय
निमेश/रविना श्रेष्ठ
दिनेश/निजा श्रेष्ठ
सुदिप शिल्पकार/सुष्मिता राजोपाध्याय

निको गुरुङ/श्रुति राजोपाध्याय
भुषण/कृति राजोपाध्याय
सक्षम/स्मृति राजोपाध्याय
श्रद्धा/सृजिता/ऋतिका/शंशा
निदी/सुदिशा/यान्सी
कृषण/निवेध/ज्ञानवी

# देश जोगाउन र बनाउन जनता आफैं लाग्नुपर्ने






भक्तपुर, १० पुस । सूर्यविनायक प्रगतिशील सांस्कृतिक समाजको आयोजनामा बिहीबार प्रशंसापत्र तथा मायाको चिनो वितरण कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले निर्वाचन घोषणा भइसकेको स्थितिमा निर्वाचनबाहेक अर्को विकल्प नरहेको उल्लेख गर्दै देश जोगाउन र बनाउन जनता आफैं लाग्नुपर्ने कुरामा नेमकिपाले जोड दिँदै आएको बताउनुभयो ।

राजनीतिक दर्शनबिना देशमा परिवर्तन सम्भव नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "आमूल परिवर्तन तत्काल सम्भव छैन; देशमा भइरहेको शोषण र भ्रष्टाचार अन्त्य गर्न जनता सचेत हुनुपर्छ ।"

सिद्धान्त र विचार एकातिर, काम अर्कोतिर थन्काएर देश र जनताको सेवा नहुने उल्लेख गर्दै उहाँले जेन-जीको आन्दोलनमा स्वदेशी विदेशीहरूको घुसपैठ भएको हुँदा आन्दोलन तोडफोड र आगजनीमा परिणत भएको बताउनुभयो ।

संरा अमेरिका र भारतले नयाँ पुस्तालाई प्रयोगमा ल्याउन खोजेकोतर्फ सतर्क हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भ्रष्टाचार रोक्न सांसद मन्त्री बन्न पाउने व्यवस्था गर्न नहुने बताउनुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले नेमकिपाले पञ्चायतकालदेखि देश र जनताको सेवा गर्न सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै विभिन्न मित्र राष्ट्रहरूको सहयोगले बनेका उद्योगहरू कौडीको मूल्यमा बिक्री गरेर व्यक्तिलाई पोस्ने काम गरिरहेको बताउनुभयो ।

काँक्रेबारीमा सार्वजनिक जग्गा मिचेर भूमाफियाहरूले रजगज गरिरहेको उल्लेख गर्दै उहाँले सार्वजनिक सम्पत्ति जोगाउनु सङ्घ, प्रदेश र स्थानीय सरकारको हो भन्नुभयो ।

समाजका अध्यक्ष एवं कार्यक्रमका सभापति काजीबहादुर पञ्चले समाजले गर्दै आएको गतिविधिबारे प्रकाश पार्दै कला र संस्कृतिका संरक्षण र उत्थानमा सबैको उत्तिकै सहयोग आवश्यक छ भन्नुभयो ।

प्रशंसापत्र, मायाको चिनो र धन्यवाद पत्र वितरण भएको सो कार्यक्रममा वडा नं. ८ का श्यामसुन्दर सुवाल, अग्रज किसान कार्यकर्ता कृष्णनारायण मचामसी, समाजका उपाध्यक्ष गङ्गालाल हाकुसु र महेन्द्र बखुन्छेले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

***कैलालीमा...***

उहाँले महान् व्यक्तिहरूमध्ये माओ त्सेतुङ पनि विश्व चर्चामा आउने व्यक्ति हुनुहुन्थ्यो भन्दै उहाँकै कारण चीन स्वतन्त्र भएको उल्लेख गर्नुभयो । उहाँले चीन आर्थिक रूपले अघि बढ्नु चीनको समाजवादी व्यवस्थाका कारण भएको बताउनुभयो । उहाँले असल नेता र नेतृत्वले गर्दा देशले कति छिटो प्रगति गर्छ भन्ने कुरा चीनबाट प्रमाणित भएको छ भन्नुभयो ।

उहाँले नेमकिपाको लक्ष्य भनेको समाजवादी व्यवस्था हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने रहेको बताउँदै सम्पूर्ण कार्यकर्ताहरूले पार्टीको लक्ष्यअनुरूप काम गरी गाउँगाउँमा मजदुर र किसानलाई राजनीतिक रूपमा सचेत पार्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली अध्यक्ष लक्ष्मी पुनले कम्युनिस्टका गुरु स्तालिन र माओ त्सेतुङको जन्म दिवस संसारका मजदुर र किसानले मनाइरहेको बताउँदै देश जोगाउन हामी नै सक्रिय भएर लाग्नुपर्ने बताउनुभयो । उहाँले कम्युनिस्टहरूले निःस्वार्थ रूपले विश्वका सर्वहारावर्गको हितको निम्ति काम गर्ने उल्लेख गर्दै नेमकिपा एक सच्चा कम्युनिस्ट पार्टी रहेको बताउनुभयो ।

नेक्राशिसङ्घ कैलाली अध्यक्ष जीएसले माओ त्सेतुङको जीवनीबारे प्रशिक्षणा दिँदै माओ त्सेतुङ एक गरिब परिवारमा हुर्कनुभएको बताउनुभयो । उहाँले चीनमा माओले स्कूलमा सङ्गठन बनाउने गरेको चर्चा गर्दै चीनलाई मुक्ति बनाउने काम गर्नुभयो । उहाँले गाउँगाउँका किसानहरूलाई सङ्गठित गरी समाजवाद लागु गर्ने काम गर्नुभयो । उहाँले देशप्रेमी पुँजीपतिहरूलाई साथमा लिएर दलाल पुँजीवादीहरूसँग लडी चीनमा समाजवादी व्यवस्था ल्याउनुभएको बताउनुभयो ।

उहाँले जोसेफ स्तालिनको जीवनीबारे चर्चा गर्दै लेनिनलाई साथ र समर्थन गर्ने र मार्क्सवादी सिद्धान्तलाई लागू गरी समाजवादी व्यवस्था लागु गर्न स्तालिनले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घ कैलालीका अध्यक्ष प्रेम सिजापती, नेमकिपा कैलाली सदस्य तारा तिरुवा, नेक्राविसङ्घ कैलाली अध्यक्ष एचवी र नेक्रामसङ्घ कैली सचिव जानकी सिजापतीले पनि बोल्नुभएको थियो ।

***शिक्षक...***

कर्मचारी, जनप्रतिनिधि तथा स्थानीय समुदायको अथक प्रयासका कारण आज कलेज नमुना संस्थाको रूपमा स्थापित भएको उहाँको भनाइ थियो ।

शिक्षक इमानदार, असल र मेहनती भए विद्यार्थी पनि अनुशासित हुने उल्लेख गर्दै उहाँले सबैलाई आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्न आग्रह गर्नुभयो ।

विगतमा कलेजलाई कमजोर पार्ने प्रयासहरू भए पनि स्थायित्वका लागि अविचलित रूपमा अघि बढ्नुपर्ने आवश्यकता रहेको उहाँले स्पष्ट गर्नुभयो ।

कार्यक्रममा कलेज सञ्चालन समितिका उपाध्यक्ष तथा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सबैको साथ र सहयोगकै कारण नगरपालिकाले हाल ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले कलेज सञ्चालन गर्ने पहिलो नगरपालिका भक्तपुर भएको उल्लेख गर्दै सबै कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरू अनुशासित र लगनशील रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माक तथा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. सुनिल दुवालले नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई स्वागत गर्दै दुवै कलेज व्यक्तिगत लाभका लागि नभई समाजलाई बौद्धिक रूपमा सशक्त बनाउन सञ्चालन हुँदै आएको बताउनुभयो । उहाँहरूले कलेजको वर्तमान अवस्था र शैक्षिक गतिविधिबारे पनि चर्चा गर्नुभयो ।

सो अवसरमा कलेज प्रशासन शाखाका प्रमुख सञ्जय मानन्धरले नवनियुक्त शिक्षक तथा कर्मचारीहरूलाई स्वागत व्यक्त गर्नुभयो ।

***कम्युनिस्ट...***

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पुँजीवादी पार्टी र सरकारहरूले युवाहरूलााई धूमपान, मदिरा र लागुपदार्थलगायत दुर्व्यसनमा फसाएको उल्लेख गर्दै युवा बिगार्ने सरकारहरूले देश पनि बिगार्ने बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीले युवाहरूलाई देश र जनताको निःस्वार्थ सेवा गर्न उत्साहित गरिरहेको छ । यसको लागि युवाहरूले संसारका योद्धाहरूको जीवनी र आन्दोलनबारे अध्ययन गर्नु जरुरी छ ।"

"रुसका बोल्सेभिक कम्युनिस्टहरू पुँजीवादी सरकारमा गएनन् । नेपालमा कम्युनिस्ट दाबी गरेका माले (अहिले एमाले), माओवादी (अहिले नेपाली कम्युनिस्ट पार्टी) लगायत दलहरू पुँजीवादी सरकारमा गएर देश र जनताको विरोधमा काम गरे" उहाँले बताउनुभयो ।

सचिव सुवालले पैंतीस वर्षयता सरकारमा गएका पार्टीहरूले देश र जनताको समस्या समाधान नगरेको हुँदा सर्वसाधारण जनतामा असन्तुष्टि चुलिएको बेला अमेरिकी र भारतीय सरकारले भदौ २३ र २४ गते विध्वंस मच्चाउन मलजल गरेको खुलिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीको प्रकाशन अध्ययन र अन्तरक्रिया गर्ने युवाहरूले देश र बाँकी संसारलाई बुझ्नेछन् । पुँजीवादी पार्टी र तिनका कार्यकर्ताहरूसँग वैचारिक सङ्घर्षमा विजय प्राप्त गर्नेछन् ।"

उहाँले आमूल परिवर्तनको निम्ति पुस्तौं लाग्न सक्ने उल्लेख गर्दै युवाहरूको राजनीतिक चेतना माथि उठेमा आमूल परिवर्तन छिटो आउन सक्ने पनि चर्चा गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले गलत सूचना प्रवाह गर्ने सामाजिक सञ्जालहरूले समाजमा भ्रम छरेको उल्लेख गर्दै मानिसलाई एकसुरको बनाइदिने र कलिला बालबालिकाको मगजमा गलत विचार भरिदिने सामाजिक सञ्जालहरूको खण्डन गर्नु जरुरी रहेको बताउनुभयो ।

उहाँले साम्राज्यवादीहरूले चीनलाई वर्षौंसम्म अफिमको लतमा फसाएको र एनजीओ आइएनजीओमार्फत सोभियत रुसलाई टुक्र्याएको इतिहासबाट नयाँ पुस्ताले सिक्नु जरुरी रहेको औंल्याउँदै फासीवादीहरूले जात, भाषा, क्षेत्रको नाममा राजनीति गरेर समाजलाई छिन्नभिन्न पार्नसक्नेतर्फ पनि नयाँ पुस्ता सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष एलएन लिगलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेक्रायुसङ्घका उत्तम साखकर्मी र हरिसुन्दर छुकांले पनि बोल्नुभएको थियो ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको ३२औं स्थापना दिवस (पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं ।**

**सिद्धि गणेश साकोस खुला फिडे रेपिड रेटिङ २००० मुनी बुद्धिचाल प्रतियोगिता**

**मिति** : २०८२ पुस १८ र १९ गते
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ५००।- प्रतिव्यक्ति
**अन्तिम दर्ता मिति** : २०८२ पुस १६ गते
**सहभागी सङ्ख्या** : बढीमा ८० जना

युवा उपसमिति

**एकहप्ते पुतली (Doll) बनाउने तालिम**

**प्रारम्भ मिति** : २०८२ पुस १४ गते, सोमबार
**समय** : बिहान १०:०० बजेदेखि २:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ५००।- मात्र
**दर्ता मिति** : २०८२ पुस १३ गतेभित्र
**सहभागि सङ्ख्या** : बढीमा २० जना

महिला तथा बालबालिका उपसमिति

**संस्थाको परिवर्तित ऋण नीतिसम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रम**

**मिति** : २०८२ पुस १५ गते, मङ्गलबार
**समय** : बिहान ८:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

ऋण उपसमिति

**मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर तथा निःशुल्क थाइरोइड परीक्षण**

मिति : २०८२ पुस २६ गते, शनिबार
समय : बिहान ८:०० देखि १०:०० बजेसम्म
स्थान : सिद्धि गणेश तालिम हल, खँचा

स्वास्थ्य उपसमिति

**विस्तारित बैठकसम्बन्धी सूचना**

**यस संस्थाको आ.व. २०८२/८३ को वार्षिक कार्य तालिकाअनुसार पुस १२ गते, बिहान ७:३० बजे, सिद्धि गणेश तालिम हल, खँचामा संस्थाको साधारणसभाको क्षेत्र नं. १ र २ का सदस्यहरूमाझ वर्तमान अवस्थामा सहकारी सञ्चालनसम्बन्धी सुझाव सङ्कलन गर्न विस्तारित बैठक सञ्चालन हुने भएकोले उक्त बैठकमा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।**

**गतिविधि**




बचत र ए.आई.सम्बन्धी जानकारीमूलक कार्यक्रममा मन्तव्य राख्नुहुँदै नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटा ।



गुडपाक, पुस्तकारी तथा सुत्केरी मसला बनाउने तालिममा सहभागी संस्थाका सदस्यहरू ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'


**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE



## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९१/०८/१०

निधन
२०८२/०९/०२

**असलमाया प्रजापति**

यस संस्थाको महिला उपसमितिका सदस्य न्हुछेलक्ष्मी प्रजापतिकी ममतामयी सासूआमा **असलमाया प्रजापति**को असामयिक निधन भएको आज १० औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**

च्याम्हासिंह, भनपा-९


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा